# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा ज्ञानको मुहान चेतनाको संवाहक, व्यक्ति, समाज र राष्ट्रको दिगो विकासको सोपान हो । शिक्षा मानव जीवनको आधारभूत पक्ष हो । राष्ट्रिय विकासको मेरुदण्ड हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू बाँचेको संसार र समाज बुझ्ने क्षमता र ज्ञानको भण्डार आर्जन गर्न सक्दछ । शिक्षाले मानव जीवनका अवसरहरुलाई बढाउन मद्दत गर्दछ । मानव सभ्यताको विकाससँगै शिक्षाको प्रारम्भ भएको मानिन्छ । परिवर्तित समयसँग व्यक्ति पनि परिवर्तित र समयानुकुलित हुन शिक्षाले सिकाउँदछ, (कोइराला २०६१) ।

नेपालमा शिक्षाको प्रारम्भ गुरुकुल प्रणालीबाट भए पनि समयको माग र व्यक्तिको चाहनाअनुसार शिक्षाको स्वरुप र विषय वस्तुको ढाँचा पनि परिवर्तित र परिष्कृत हुँदै गएको ऐतिहासिक तथ्य छ । गुरुकुल शिक्षामा शिष्य विद्या आर्जन गर्न गुरुहरुको आश्रममा जानुपर्ने, गुरुमा नै शिक्षाको सम्पूर्ण प्रकिया निर्भर रहने, कुनै विशिष्ट किसिमको पाठ्यक्रम वा पाठ्यपुस्तक नरहने र संस्कृत भाषाको माध्यमबाट शिक्षा दिने जस्ता प्रचलन रहेको थियो । उदाहरणको रुपमा लिच्छविकालीन शिक्षा प्रणालीमा कला, संस्कृति, साहित्य वेद, ज्योतिष आदि विषयमा उच्चस्तरको पढाइ हुन गइरहेको अभिलेखहरुमा पाइन्छ ।

समयको प्रभावसँगै नेपालमा राणाकालको उदय भयो र उदय पश्चात जनचेतना नबनोस् भन्ने दृष्टिले शिक्षाको विकासतिर खासै ध्यान दिइएन् तर वि.सं.१९०७ तिर जंगवहादुर राणाले बेलायत भ्रमण गर्दा त्यहाँ भएको अङ्ग्रेजी शिक्षाको विकासदेखि निकै प्रभावित भएर जंगवहादुरले आफ्ना सन्तानहरुलाई शिक्षा दिनुपर्ने महसुस गरे । त्यसपछि बेलायतको शिक्षा प्रणालीअनुसार वि.सं. १९१० मा थापाथलीमा अङ्ग्रेजी स्कुलको स्थापना भयो । वीर शमशेरभन्दा देवशमशेरले शिक्षामा खुकुलोपन ल्याएपछि उनको पालामा ५७ ओटा भाषा पाठशाला खुलेका थिए । उनकै पालामा विद्यार्थीलाई सिलोट र अक्षराङ्क शिक्षा नामक पुस्तक निःशुल्क वितरण गर्ने व्यवस्था समेत मिलाइएको थियो । चन्द्र शमशेरको पालामा उपत्यका बाहिर कन्या पाठशाला, श्रेस्ता पाठशाला, पास जाँच अड्डा, गोरखा भाषा प्रकाशिनी समिति आदिको साथै त्रि-चन्द्र कलेजको समेत स्थापना गरिएको थियो, (अधिकारी २०६०) ।

भीम शमशेरले टेक्निकल स्कुलको स्थापना र जुद्ध शमशेरले कृषि स्कुलको स्थापना गरेका थिए । नेपालको शैक्षिक इतिहासमा वि.सं. १९९० कार्तिक १६ गतेका दिन एस.एल.सी बोर्डको गठन भयो । यसरी शिक्षाको वढ्दो प्रभावसँगै वि.सं. १९९३ चैत्र २८ गते जनताको तर्फवाट निजी स्कुल खडा गर्ने स्वीकृत प्रधानमन्त्रीवाट दिने व्यवस्था गरिएको थियो । वि.सं. १९९६ माघ ८ गते शिक्षासम्बन्धी पहिलो इस्तिहार घोषणा गरिएको थियो त्यसपछि स्वीकृति लिएर सरकारबाट प्रत्येक वर्ष आर्थिक सहयोग दिने व्यवस्था हुन थाल्यो ।

नेपालमा वि.सं. २००७ सालको राजनीतिक परिवर्तन पछिमात्र मास एजुकेशन शुरु भएकाले धेरै वर्षसम्म विद्यालयको सङ्ख्यात्मक वृद्धि नै प्रमुख मुद्दा बनिरह्यो । २०३६ साल पछि जब ठूलो सङ्ख्यामा नीजि विद्यालयहरु संचालनमा आउन थाले र एस.एल.सी मा सामुदायिक विद्यालयको भन्दा नीजि विद्यालयको नतिजा राम्रो देखिन थाल्यो । हाल देशका प्राइभेट (नीजि) र सरकारी (सामुदायिक) गरी २ प्रकारका शिक्षा संचालनमा छन् । शुरुको समयमा नीजि बोर्डिङ स्कुलहरुको प्रभाव कम रहेको अवस्थामा सामुदायिक सरकारी विद्यालयहरुमा विद्यार्थीको झुकाव अध्याधिक रहेको थियो । लोकतन्त्रको स्थापना पश्चात राज्यले नै प्राइभेट अङ्ग्रेजी माध्यमबाट पढाइ हुने विद्यालय खोल्न र संचालनमा खुकुलोपना ल्याई दिएपछि अत्यधिक मात्रामा नीजि र सरकारी (सामुदायिक) विद्यालयहरुमा विद्यार्थीको सङ्ख्या दिन प्रतिदिन घटिरहेको पाइन्छ, (शर्मा २०६२) ।

सामुदायिक विद्यालयहरुमा भौतिक संरचना सुधार गर्न सरकारको मुख ताक्नुपर्ने वा चन्दादाताहरुको भर पर्नुपर्ने जस्ता अवस्थाले गर्दा भौतिक संरचना सुधारमा ढिलाई हुन्छ । यसबाट विद्यार्थीहरुको मनोबलमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले भौतिक संरचना राम्रो हुनुपर्दछ । राम्रो भौतिक संरचनाले विद्यार्थीहरुलाई विद्यालयमा आउन, उत्साही वनाउन पढाई प्रति लगाव वढाउन र शिक्षण सिकाइमा सक्रिय बनाउन सहयोग पुग्ने भएकोले भौतिक संरचना सुधारमा विशेष पहल गर्नुपर्दछ ।

राजनैतिक परिवर्तनसँगै शिक्षकका संघ संगठनहरु विभाजित हुँदै जानु र एकताको सट्टा फुटको स्थिति सिर्जना हुनु, असहयोगी भावना बन्नु, विद्यार्थीको पढाइप्रति भन्दा आफ्नो राजनैतिक दलप्रति संगठन अग्रसर बनाइनु जस्ता कारणले पनि सामुदायिक विद्यालयको शैक्षिकस्तर खस्कदै गएको छ । यसले गर्दा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्यामा क्रमशः कमी हुँदै गएको वास्तविक परिवेश पाइन्छ ।

## १.२. समस्याको कथन

शिक्षा व्यक्तिको नैसर्गिक अधिकार हो । शिक्षा विना मानिसले आत्मोन्नती गर्न सक्दैन । शिक्षा नै व्यक्तिको व्यवहार परिर्वतन गर्ने प्रमुख साधन भएकाले सर्वसुलभ, नि:शुल्क र अनिवार्य हुनुपर्दछ । समयको गतिशिलता र परिवर्तनशिलतासँगै मानव समाज पनि परिवर्तन भइरहेकोले शिक्षाको लक्ष्य र उद्देश्य पनि परिवर्तनशिल हुँदै जानु पर्दछ । ठीक दिशाको ज्ञानको अभावमा बटुवाको यात्रा दिग्भ्रमित भई कुहिरोको काग जस्तो मात्र बन्दछ । दिशाहीन, भ्रमित वा गलत दिशामा गरेको यात्रा कस्टदायक, निरर्थक, अनुपयोगी सावित हुन्छ । त्यसैले व्यक्तिहरुलाई सही दिशा प्रदान गर्न, व्यक्तिको क्षमताहरु र प्रतिभाहरु प्रस्फुटन गराउन उचित शिक्षाको आवश्यकता पर्दछ, (काफ्ले २०६०) ।

सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तरमा प्रश्न चिह्न लागिरहेको बेला कसरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई माथि उकास्न सकिन्छ ? विद्यार्थीहरुको भर्नादर कसरी वृद्धि गर्न र शिक्षकहरुलाई उत्प्रेरित गरी शिक्षण कार्यमा सक्रिय बनाउन सकिन्छ? निजी विद्यालय र सामुदायिक विद्यालय बीचको शैक्षिक खाडललाई कसरी कम गर्न सकिन्छ ? के-कस्ता उपायहरुद्वारा सामुदायिक विद्यालयमा विद्यार्थी वृद्धि गरी सामुदायिक विद्यालयप्रति जनविश्वास वढाउन सकिन्छ ? जस्ता प्रश्न र समस्याहरु रहेका छन् । उपयुक्त समस्याको मनन गरी यस अध्ययनको समस्याको कथनको रुपमा सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सहभागिता कम हुनुको कारण एक अध्ययन रहेको छ ।

## १.३ अध्ययनको औचित्य

खोज तथा अनुसन्धान गर्नु चुनौतीपूर्ण कार्य हो । यस अध्ययनको क्रममा समस्या कहाँ छ र समस्याको कारण के हो ? केलाउनु पर्ने हुन्छ । यहाँ सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सङ्ख्या घट्नुको कारण के के छन् ? भने तथ्य पत्ता लगाउन खोजीएकाले शोध विषय रोज्नुका कारणहरु निम्नानुसार रहेका छन्:

क) सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सहभागिता अध्ययन गरी प्र.अ. लाई विद्यालय संचालनमा सहयोग गर्नु,

ख) विद्यालयले शैक्षिक योजनाद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्ने उपायहरुको खोजी गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु,

ग) विद्यार्थीहरुको दक्षता र क्षमतालाई अभिवृद्धि गर्न विशेष सहयोग पुऱ्याउन विद्यालय प्रशासन र शिक्षकहरुलाई मार्गदर्शन गर्न,

घ) सामुदायिक विद्यालयहरुप्रति सकारात्मक सोचको विकास गरी सामुदायिक विद्यालयहरुमा विद्यार्थीको भर्नादर वृद्धि गर्न यो शोधपत्र सार्थक हुन सक्दछ,

ङ) यस अध्ययनलाई मात्र अनुसंधानकर्ताले द्वितीय श्रोतको रुपमा प्रयोग गराउन ।

## १.४. अध्ययनको उद्देश्यः

यस अनुसन्धानका निम्न लिखित उद्देश्यहरु रहनेछन्,

क) सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सहभागिता पत्ता लगाउनु,

ख) सामुदायिक विद्यालयहरुमा विद्यार्थीको सहभागिता कम हुनुका कारणहरु पत्ता लगाउन,

ग) सामुदायिक विद्यालयमा विद्यार्थीहरुको सहभागिता घट्नुको समाधानका उपायहरु पहिचान गर्नु ।

१.५. अनुसन्धानात्मक प्रश्नहरुः

यस अध्ययन अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार हुनेछन्

क) सामदायिक विद्यालयमा विद्यार्थीहरुको वास्तविक भर्ना कस्तो छ ?

ख) सामुदायिक विद्यालयका विद्यार्थीहरुको अभिभावकहरुले कुन माध्यामद्वारा आफ्ना बालबालिकाहरुलाई अध्ययन गराउन चाहन्छन् ?

ग) अङ्ग्रेजी माध्यमद्वारा विद्यार्थीहरुलाई शिक्षण सिकाइ प्रक्रिया संचालन गर्दा शिक्षा व्यवस्थापनमा के-कस्ता उपायहरु अपनाउन सकिन्छ ?

## २.६ अध्ययनका परिसीमाहरु

यस अध्ययनबाट सम्पूर्ण सामुदायिक विद्यालयको भर्नाको वास्तविक प्रतिविम्ब उतार्न सकिँदैन । नेपालको सम्पूर्ण सामुदायिक विद्यालयहरुमध्ये समुदायमा घट्दै गइरहेको विद्यार्थीहरुको सङ्ख्याको स्थितिका बारेमा केन्द्रित रही यो अध्ययन गरिएको छ । यो अध्ययन सिन्धुली जिल्लाका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको मात्र अध्ययन हो । यो विशेषतः सामुदायिक विद्यालयहरुको भर्नाको बारेमा केन्द्रित गरिएको छ ।

यो अध्ययन सिन्धुली जिल्लाका १६ ओटा स्रोतकेन्द्रमध्ये श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्रअन्तर्गतका निम्न विद्यालयहरुमा केन्द्रित गरिएको छ :

| | |
|---|---|
| (क) श्री बालमन्दिर प्रा.वि. शिखरटोल | क.न.पा. ६ |
| (ख) श्री वर्देउठाकुर प्रा.वि. माभ्फीटार | क.न.पा. ७ |
| (ग) श्री प्रा.वि. तेर्से खड्कुले | रानीचुरी गा.वि.स. १ |
| (घ) श्री प्रा.वि. फाल्चुरी खट्टार | रानीचुरी ३ |
| (ङ) श्री प्रा.वि. शिखरपुर | रानीचुरी ४ |

छनोटमा परेका विद्यालयका सम्बन्धित प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, अभिभावक, शिक्षक, विद्यार्थी जस्ता पक्षसँग प्रत्यक्ष सम्पर्क गरी अन्तर्वार्ता, प्रश्नावली भराई अवलोकनका साथै औपचारिक र अनौपचारिक छलफलको सङ्क्षेपलाई आधारमानी अनुसन्धान कार्य गरिएको छ ।

(ग) प्रश्नहरु शैक्षिक स्तर वृद्धिमा विद्यार्थीको भर्नासँग सम्बन्धित रहेका छन् ।

# परिच्छेद-दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

आदिम साहित्यको अहिलेको झैं विद्यालय तथा महाविद्यालयहरु थिएनन् । तर पनि ज्ञान आर्जन गर्ने प्रक्रिया भने कायम थियो । त्यस समय मानिसहरुले विभिन्न क्रियाकलापमा संलग्न भएर आ-आफ्नो ज्ञान तथा सीपहरुको आदानप्रदान गरेर आफूलाई शिक्षित तुल्याउँदथे । नेपालमा वि.सं. २००७ अगाडि शिक्षाको क्षेत्रमा सबैको चासो भए तापनि राणा शासनको दबाबका कारण शिक्षाप्रेमीहरु यस क्षेत्रमा खुलेर लागेको खासै पाइँदैन । जब वि.सं. २००७ साल फाल्गुण ७ पछि देशमा प्रजातन्त्रको प्रादुर्भाव भयो तब जनतामा शिक्षाप्रति अभूतपूर्व प्रेम र उत्साहको लहर देखा पर्न थाल्यो । जतातते विद्यालयहरु खुल्न थाले । त्यस समयदेखि शिक्षा क्षेत्रलाई समय, समाज र देशको आवश्यकतानुसार बनाउनका लागि विभिन्न अध्ययन, अनुसन्धान भएको पाइन्छ ।

वि.सं. २०४६ सालको प्रजातन्त्र पुनर्स्थापना गर्दा वर्तमान अवस्थामा सबैको पहुँच शिक्षामा पुऱ्याउने उद्देश्य अनुरुप शिक्षालाई आधारभूत अधिकारको रुपमा सबैको लागि शिक्षाको अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको रुपमा अगाडि बढेको लक्ष्य हाम्रो सामु छ, (अधिकारी, २०६०) ।

राउत (२०६१), का अनुसार सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन प्रभावकारी ढंगले संचालन गरिएको र समुदायमा रहेका अभिभावकको मन जित्न सफल भएको उल्लेख गर्नुभएको छ । यस्तो अवस्थामा शिक्षालाई कार्यान्वयन गर्ने थलाको रुपमा विद्यालयको शैक्षिक व्यवस्थापनको सन्दर्भमा पनि केहि तथ्य एवम् जानकारी क्रमशः देखा पर्न थालेछन् । जुन तथ्य एवम् जानकारी यस क्षेत्रको लागि अपूर्ण नै मानिन्छ । अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित अनुसन्धानात्मक लेखहरुको अपरिहार्य भएकाले निम्नअनुसार संक्षेपमा प्रस्तुत गरिएको छ ।

यसै क्रममा राउत (२०६१), संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक तुलनात्मक अध्ययन नामक शोधपत्र अध्ययन गरिएको थियो । वैचारिक पक्षको अध्ययन र त्यसको आधारमा खाका निर्माण गरेपछि मेरो अनुसन्धानसँग मिल्दाजुल्दा अनुसन्धान प्रतिवेदनहरु, शोधपत्रहरुको सिंहावलोकन गरें । यो अध्ययनले संस्थागत र सामुदायिक

विद्यालयको शैक्षिक व्यवस्थापनको तुलनात्मक अध्ययन, सामुदायिक विद्यालयमा रहेका शिक्षकहरुमा जागिरे जीवन बिताउने गरेको, सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी निम्न आर्थिक अवस्थाका कारण उनीहरु खेतीपातीको समयमा विद्यालयभन्दा खेतीपातीलाई प्राथमिकता दिनुपर्ने हुँदा विद्यालयमा नियमितता नभएको जसले गर्दा विद्यालयलाई शैक्षिक व्यवस्थापनमा समस्या परेको, शैक्षिक स्तर खस्कदै गइरहेको पाइन्छ ।

त्यसैगरी संस्थागत विद्यालयको व्यवस्थापनको अध्ययन गर्दा निश्चित व्यक्तिको लगानीबाट मुनाफा कमाउने उद्देश्यले सञ्चालन गरेको विद्यालयको भौतिक पक्ष दयनीय भएको संस्थागत विद्यालयका अभिभावकहरु आर्थिक रुपमा मध्यम स्तरका र चेतनाको स्तर उच्च रहेको कारणले गर्दा विद्यालयको हरेक क्रियाकलापमा सहभागिता हुने गरेको, पढाइको स्तरको सम्बन्धमा अभिभावकहरुबाट नियमित रुपमा निरीक्षण र अनुगमन हुने गरेको पाइन्छ ।

मेरो अध्ययन सामुदायिक विद्यालयमा विद्यार्थीहरुको सहभागिता के कारणले घटिरहेको छ भन्ने कारणहरु पत्ता लगाउन गरिएको एक शोध अध्ययन हो । सामुदायिक विद्यालयमा विद्यार्थीहरु के कारणले घट्दैछन् ? सामुदायिक विद्यालयको शैक्षिक स्थिति के कारणले खस्कदै छ ? भन्ने जस्ता विषयमा आधारित छ । यसै क्रममा निम्नानुसार मिल्दाजुल्दा अनुसन्धानहरु र खोजमुलक लेखहरुको निम्नानुसार सिंहावलोकन गरिएको छ ।

विश्व बैंकको सहयोगमा (Lockkhead & Janison 1979) ले तयार गरेको Some Determaiate of School Participation in the Terai of Nepal) मा नेपालको तराई क्षेत्रका प्रा.वि तथा मा.वि. तहमा विद्यार्थीहरुको सहभागिता अध्ययन गरिएको थियो । अभिभावकहरु जसको उच्च सामाजिक तथा आर्थिक स्थिति छ, उनीहरु आ-आफ्ना बालाबालिकाहरुलाई अङ्ग्रेजी माध्यमबाट संचालित निजी बोर्डिङ स्कुलमा पढाउने गरेको पाइयो । जसको आर्थिक अवस्था कमजोर छ उनीहरु सामुदायिक विद्यालयमा पढाउन पनि सकारात्मक नभएको पाइयो । यसबाट के देखियो भने धनसम्पती सामाजिक प्रतिष्ठाको कारणले गर्दा पनि आफ्ना बालबालिका सामुदायिक विद्यालयमा पढाउन अनिच्छुक रहेको पाइयो । यसरी सामाजिक र आर्थिक फरकपनले गर्दा सामुदायिक विद्यालयहरुमा विद्यार्थीको भर्ना सङ्ख्या घट्दै गएको अध्ययनले देखाउँछ ।

सेरिड (१९८२) द्वारा संचालन गरेको अभिभावकहरुको शिक्षा प्राप्तिको आशा एवं धारणा विषयक एक अनुसन्धानमा अभिभावकहरुको शिक्षालाई भविष्यको सम्पन्नताको पूरक

मान्दछन् । बहुसंख्यक अभिभावकहरु अनुभव गर्दछन् कि शिक्षाले विभिन्न सरकारी तथा अन्य ठाउँहरुमा प्रशस्त अवसरहरु प्रदान गर्दछन् । यिनीहरु विदेशमा पढाउने वहानामा वोर्डिङ स्कुलमा पढाउने गर्दछन् । त्यसैगरी जुन अभिभावकका बालबालिका शिक्षा लिनवाट वञ्चित छन् । उनीहरुले शिक्षालाई अपरिहार्य नठानेको कारण सामुदायिक विद्यालयमा पनि पढ्न नपठाई काम गर्न पठाउने गर्दछन् । यसरी अभिभावकहरु आफ्ना बालबालिकालाई विद्यालय पठाउने चाहना घरको सामाजिक आर्थिक शैक्षिक अवस्था अनुसार फरक-फरक हुने गरेको कारण पनि सामुदायिक विद्यालयको भर्ना प्रक्रियामा पनि निश्चित प्रभाव पार्दछ, (सेरिड, १९८२) ।

तुलाधर र अन्य (२०००) का अनुसार काठमाडौँ उपत्यकामा सामुदायिक विद्यालयहरुको एक स्थितिजन्य विश्लेषणसम्बन्धी प्रतिवेदनमा सामुदायिक विद्यालयहरुमा आयको स्रोत सरकारी अनुदान मात्र हुने र निजी विद्यालयको आयको श्रोत विद्यार्थी शुल्क मात्र हुने, यसरी निजी विद्यालय अभिभावकप्रति पूरै जवाफदेही हुनुपर्ने कारण सामुदायिक विद्यालयभन्दा निजी विद्यालयको शैक्षिक गतिविधिहरु विद्यार्थीको शुल्कबाट मात्र चल्नुपर्ने भएकाले निजी विद्यालयका शिक्षकहरु कतर्व्यनिष्ठ भएर शिक्षण गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयहरुमा भने सरकारी अनुदानमा चल्ने, विद्यार्थीले शुल्क तिर्नु नपर्ने, अभिभावहरुले शुल्क तिर्नु नपरेको कारण विद्यालयको गतिविधिमा त्यति धेरै चासो नदिने गरेको पाइयो । यसैकारण राम्रो शैक्षिक उपलब्धिको प्राप्तिका लागि अभिभावकहरुले आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गर्ने गरेको पाइयो ।

अधिकारी चेतन (२०६६) का अनुसार विद्यार्थीलाई बेल्ट नामक लेखमा सरकारी विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउन विद्यार्थीलाई टाई, बेल्टको साथै अङ्ग्रेजी माध्यमद्वारा पढाउने निर्णय गरिएको छ । उनीहरुका अनुसार सामुदायिक विद्यालयहरुमा बोर्डिङ्गको जस्तै टाई, वेल्ट, पोसाक र अंग्रेजी माध्यमद्वारा शिक्षण गरेमा निश्चित रुपले विद्यार्थीको सङ्ख्या बढ्दछ भन्ने कुरामा विश्वस्त छन् । उनीहरुले अभिभावकहरुको मनसाय बुझी दमक श्रोत केन्द्रका २० विद्यालयहरुले यस्तो नीति लिएको स्रोत व्यक्ति विष्णुप्रसाद भण्डारी बताउँछन्, (कान्तिपुर दैनिक २०६६/१/१५) ।

कान्तिपुर दैनिक (२०६६/३/०१) मा प्रकाशित भएको विद्यार्थी नपुगेकाले विद्यालय खारेज विषयक समाचारमा काभ्रेमा विद्यार्थीको सङ्ख्या नपुगेका ४ विद्यालयहरुलाई यसै शैक्षिक सत्रदेखि लखन प्रा.वि. धुलिखेल, घनेश्वर प्रा.वि. शारदा प्रा.वि. पनौति र बालसुलभ

प्रा.वि. लाई खारेज गरिएको समाचारले सामुदायिक विद्यालयको अस्तित्व माथि प्रश्न गरेको छ । ग्रामीण क्षेत्रभन्दा सहरी क्षेत्रका विद्यालय खारेज गर्नुपर्ने अवस्था रहेको र थोरै विद्यार्थीका लागि राज्यको लगानी बालुवामा पानी सरह भएकाले राज्यको लगानी सही ठाउँमा प्रयोग गर्न उक्त सामुदायिक विद्यालयहरुमा विद्यार्थीको सङ्ख्या प्रत्येक वर्ष घट्दै गएकोमा खारेज गर्नुपरेको कुरा जि.शि.अ. सुन्दर शाक्य बताउनु हुन्छ, (०६६/०३/१) ।

अङ्ग्रेजी पढाउन थालेपछि सामुदायिक (सरकारी) विद्यालयमा विद्यार्थीको आकर्षण २०६९ जेठ ३ कान्दिपुर दैनिकमा प्रकाशित भएअनुसार सामुदायिक विद्यालय छाडेर बोर्डिङ स्कुल पढ्न जाने समाचार त धेरै अभिभावकले सुन्ने गरेका छौं । तर निजी बोर्डिङ छाडी सरकारी सामुदायिक विद्यालयमा विद्यार्थी पढ्न जाने समाचार सुन्नै पाइँदैन तर अर्घाखाँचीका केही विद्यालयमा निजी बोर्डिङ छाडी सामुदायिक विद्यालयमा विद्यार्थी अध्ययन गर्न जान थालेका छन् । निजी बोर्डिङ छाडेर स्कुलमा जाने विद्यार्थीको सङ्ख्या यहाँ बढ्दै गएको छ । सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ हुन थालेपछि विद्यार्थी यतातिर आकर्षित हुन थालेका छन् । जिल्लाका १५ गा.वि.स.का ५० विद्यालयले सम्पूर्ण विषय नर्सरी देखि अङ्ग्रेजी माध्यमबाट पढाउन थालेको जि.शि.अ. मित्रमणि खनालले जानकारी दिनु भयो ।

गोरखापत्र जेठ ५, २०६९मा गोरखापत्र दैनिकमा विद्यार्थी बढाउन निःशुल्क सामग्री शर्षिकमा प्रकाशित समाचारअनुसार दाङको काभ्रे गा.वि.स. गहतेरास्थित सूर्योदय प्राथमिक विद्यालयले यसै शैक्षिक सत्रदेखि नयाँ भर्ना हुन आउने विद्यार्थीलाई निःशुल्क कापी, कलम वितरण गर्न थालेको प्र.अ. गोपाल खड्काले जनाउनु भयो । विद्यार्थी सङ्ख्या घट्न थालेपछि विद्यार्थी सङ्ख्यामा वृद्धि गर्न गर्न निःशुल्क कापी, कलम वितरण गर्न थालिएको वि.व्य.स.ले जनाएको छ ।

२०६९ जेठ २ गते प्रकाशित गोरखापत्र दैनिकको दुर्गम विद्यालयमा फर्निचरको अभाव, विद्यार्थीहरु उभिएरै पढ्न बाध्य शीर्षकको समाचारअनुसार रामेछापको ग्रामीण क्षेत्र विजुलीकोट स्थित प्राथमिक विद्यालयमा आवश्यक फर्निचर नहुँदा विद्यार्थीहरु उभिएर र खुल्ला चउरमा बसेर पढ्न बाध्य छन् । विद्यालयकी शिक्षिका बालादेवी पौडेल र सुन्तली तामाङका अनुसार विद्यालयमा झ्याल ढोका नहुँदा बाहिरी मानिसले फर्निचर, डेस्क, बेन्च चोर्ने र भाँच्ने गरेपछि विद्यार्थीहरुले बस्न नभएर ज्यादै दुःख पाएको बताउनु भयो ।

विद्यालयमा विद्यार्थीको खडेरी शीर्षकको २०६९ जेठ ६ गतेको गोरखापत्रको समाचारअनुसार कुनै समयमा विद्यार्थीका अत्यधिक चाप रहेको सोलुखुम्बु जिल्लाको काँकुको वृद्धि विकास प्राथमिक विद्यालयमा हिजो आज विद्यार्थीको खडेरी पर्न थालेको छ । यहाँका दम्पतिले परिवार नियोजन प्रति आकर्षित भई कम सन्तान जन्माउन थालेपछि विद्यालयमा विद्यार्थीको सङ्ख्या कम भएको हो । विद्यालयका अनुसार कक्षा १ मा ६ जना, सबै भन्दा बढी र २, ३, ४ र ५ कक्षामा क्रमशः १, २, ३ र ४ जना मात्र अध्ययनरत छन् ।

२०६९ जेठ ५ गते प्रकाशित गोरखापत्रको विद्यार्थी बढाउन निःशुल्क सामग्री शीर्षकमा दाङको काभ्रे गा.वि.स. ४ गहतेरास्थित सूर्योदय प्राथमिक विद्यालयले यसै शैक्षिक सत्र देखि नयाँ भर्ना हुन आउने विद्यार्थीलाई निःशुल्क कामी, कलम वितरण गर्न थालेको प्रधानाध्यापक गोपला खड्काले जनाउनु भयो । विद्यार्थी संख्या घट्न थालेपछि विद्यार्थी संख्यामा वृद्धि गर्न निःशुल्क कापी, कलम वितरण गर्न थालिएको विद्यालय व्यवस्थापन समितिले जनाएको छ, (गोरखापत्र, २०६९ जेठ ५) ।

दुर्गम विद्यालयमा फर्निचरको अभाव, विद्यार्थीहरु उभिएरै पढ्न बाध्य शीर्षकमा रामेछापको ग्रामीण भेग बिजुलीकोट गाउँ विकास समितिस्थित प्राथमिक विद्यालयमा आवश्यक फर्निचर नहुँदा विद्यार्थीहरु उभिएर र खुला चौरमा बसेर पढ्न बाध्य छन् । विद्यालयकी शिक्षिका बालादेवी पौडेल र सुन्तली तामाङका अनुसार फर्निचर, डेस्क, बेन्च चोर्ने र भाँच्ने गरेपछि विद्यार्थीहरुले बस्न नपाएर ज्यादै दुःख पाएको बताउनु भयो, भनी समाचार प्रकाशन गरेको पाइयो, (गोरखापत्र, २०६९ जेठ २) ।

त्यसैगरी विद्यालयमा विद्यार्थीको खडेरी शीर्षकमा कुनै समय विद्यार्थीको अत्याधिक चाप रहेको सोलुखुम्बु जिल्लाको काँकुको बुद्धिविकास प्राथमिक विद्यालयमा हिजो आज विद्यार्थीको खडेरी पर्न थालेको छ । यहाँका दम्पतिले परिवार नियोजनप्रति आकर्षित भई कम सन्तान जन्माउन थालेपछि विद्यालयमा विद्यार्थीको संख्या कम भएको हो । विद्यालयका अनुसार कक्षा १ मा ६ जना, सबैभन्दा बढी र २, ३, ४ र ५ कक्षामा क्रमशः १, २, ३ र ४ जना मात्र अध्ययनरत छन्, (गोरखापत्र, २०६९, जेठ ६) ।

यस्तै विद्यार्थी नहुनाले विद्यालय बन्द शीषर्कमा गोरखापत्र दैनिकमा पूर्व प्राथमिक तहदेखि कक्षा १० सम्म अध्यापन हुने मातातिर्थको नन्दी गणेश माध्यमिक विद्यालयले एउटा पनि विद्यार्थी पाउन नसकेपछि काठमाडौं जिल्ला शिक्षा कार्यालयले त्यसलाई सधैंका लागि बन्द गर्ने निर्णयमा पुगेको छ । २०४२ सालमा स्थापित सो माध्यमिक विद्यालयको शैक्षिक

गुणस्तरका कारण विद्यार्थीको संख्या गुम्दै गई शून्यमा झर्न पुगेको कारण विद्यालय बन्दको स्थितिमा पुगेको काठमाडौँका जिल्ला शिक्षा अधिकारी बैकुण्ठ अर्यालाले भन्नु भयो । त्यसैगरी जिल्ला शिक्षा अधिकारी बैकुण्ठ अर्यालका अनुसार अनुगमनका क्रममा महादेवस्थानको वनदेवी प्राथमिक विद्यालय, भीमढुंगाको चुनदेवी प्राथमिक विद्यालय र कीर्तिपुरको विद्याश्रम प्राथमिक विद्यालयमा पनि शून्य विद्यार्थी फेला पारिएकाले ती विद्यालयहरु पनि बन्द गरिने जानकारी दिनु भयो, (गोरखापत्र, २०६९,असार ८) ।

यस्तै मकवानपुरको इपापञ्चकन्या ६ दशकदेखि प्राथमिक विद्यालयमा १० जना विद्यार्थी अध्ययनरत छन् । १-३ कक्षासम्म संचालन हुने उक्त विद्यालयमा २ जना शिक्षकहरु कार्यरत छन् र १० जना विद्यार्थी सबैलाई कक्षाकोठाको अभावमा एउटै कक्षाकोठामा राखेर पढाउने गरेको प्रधानाध्यापक राम आशिष सिंह र अर्का शिक्षक प्रभा नेपाल बताउनु हुन्छ, ( कान्तिपुर, १३ असोज, २०६९) ।

त्यसैगरी कान्तिपुरको अर्को समाचार एउटा कोठामा ३ ओटा कक्षा, कक्षा ४ सम्म संचालित शीर्षकमा रौतह जिल्लाको सखुअवा थमौरा गा.वि.स.को कंचनपुर प्राथमिक विद्यालयको २ ओटा कोठा मात्र भएको भवन हुँदा कक्षा १ लाई कोठा र अर्को कोठामा २, ३ र ४ कक्षाको पढाइ हुने गरेको सोही विद्यालयका शिक्षक कृष्णनन्द पट्टेलले जानकारी दिनु भयो । कक्षा ४ का विद्यार्थी हरिकुमार पासवानले भने फर्निचर नहुँदा र छानो हावाहुरीले उडाएपछि पठनपाठनमा समेत समस्या परेको प्रधानाध्यापक रामाशंकर पटेल बताउनु हुन्छ, (कान्तिपुर, २०६९, १३ असोज) ।

त्यस्तै गरी गोरखापत्र दैनिकले सामुदायिक वनको सहयोगमा विद्यालय संचालन शीर्षकमा पूर्वी मकवानपुरको शिखरपुर गा.वि.स. वडा नं. १ मा रहेको नमोबुद्ध प्राथमिक विद्यालय स्थानीय सामुदायिक वन समूहको सहयोगमा संचालन हुँदै आएको छ । सरकारले समुदायलाई विद्यालय संचालन गर्न जिम्मेवारी सुम्पदै गर्दा स्थानीय वासिन्दाको सक्रियतामा नमोबुद्ध प्राथमिक विद्यालय संचालन भएको हो । ४ वर्षदेखि संचालन हुँदै आएको विद्यालयको सम्पूर्ण खर्च स्थानीय कालेश्वर वन समूहले व्यहोर्दै आएको छ । ३ जना शिक्षकको तलव सुविधा र शैक्षिक सामग्री गरी वार्षिक ३ लाख सामुदायिक वनले व्यहोर्दै आएको प्रधानाध्यापक फूलमाया लामाले बताउनु भयो भनी समाचार प्रकाशन गरेको पाइयो, (गोरखापत्र, २०६८, जेठ ११) ।

त्यस्तै कान्तिपुर दैनिक पत्रिकाले विद्यार्थी अभावमा विद्यालय बन्द शीर्षकमा सल्यान जिल्लाको बडागाउँ र चादेकरेन्जीमा संचासिलत दुई सामुदायिक विद्यालय विद्यार्थी अभाव र शिक्षा कार्यालयको अनुदान रोक्का गरेपछि बन्द भएका हुन् । कक्षा ३ सम्म संचालित छादेकरेन्जीको बाल उद्यान प्रा.वि. र कक्षा १ सम्मको पढाइ हुने बडागाउँको मालिका प्राथमिक विद्यालय बन्द छन् । सुविधा खोज्द अधिकांश मानिस अन्य बसाइँ सरेपछि विद्यार्थी संख्या कम भएर विद्यालय संचालन गर्न कठिनाई भएपछि र निजी स्रोतबाट संचालन गर्न समस्या उत्पन्न भएपछि बन्द भएको जिल्ला शिक्षा कार्यालय बालकृष्ण गैरेल बताए भनी समाचार प्रकाशन गरेको पाइयो, (कान्तिपुर, २०६९, असोज, २४) ।

उपर्युक्त सम्बन्धित लेख, प्रतिवेदन, कार्यपत्र, शोधपत्र, पत्र पत्रिकाहरु तथा चिन्तन अध्ययनबाट जनसहभागिताको प्रबल भावनात्मक पक्षलाई निराशा उत्पन्न हुन नदिन सामुदायिक विद्यालयको राम्रो भौतिक अवस्थालाई शैक्षिक गुणस्तरीय बनाउनेतर्फ सक्षम बनाउन र संस्थागत विद्यालयको अनावश्यक रुपमा गरेको आर्थिक शोषण रोक्न, मध्यम वर्गीय सचेत जागरुक अभिभावक रुपान्तरण हुन नदिन, विद्यालय व्यवस्थापन प्रक्रिया सफल पारी सामुदायिक विद्यालयप्रति अभिभावकको प्रभाव पार्ने तत्वहरुलाई निराकरण गर्न तथा विद्यालयसँग सम्बन्धित सबै सरोकारवालहरुको सहयोग अपरिहार्य छ ।

## २.२ सैद्धान्तिक खाका

व्यवस्थापन भनेको एउटा छुट्टै प्रक्रिया हो जसबाट योजना संगठन, समन्वय र नियन्त्रण समावेश हुन्छन् । साथै उद्देश्यहरुको निर्धारण तथा सो को प्राप्ति मानिस तथा अन्य साधनहरुको प्रयोगद्वारा गरिन्छ, (श्रेष्ठ २०५९) ।

कुनैपनि संघ संस्थाको संचालनमा त्यसको व्यवस्थापनले महत्वपूर्ण भुमिका खेल्दछ । उपलव्ध श्रोत र साधनलाई संगठनको लक्ष्य र उद्देश्यअनुरुप अधिकतम उपलव्धि हुनेगरी सही प्रयोग र परिचालन गर्नु व्यवस्थापन हो । गतिशिलता परिवर्तनशीलता निरन्तरा निर्देशन जस्ता पक्षले व्यवस्थापनलाई प्रभावकारी वनाई रहेको हुन्छ, (थापा २०६२)।

त्यसैले यस अर्थमा मैले रोवर्ट वि. एन्थानीले प्रतिपादन गरेको र जेरोमा क्यान्टोर (१९९६) द्वारा सरलीकृत गरेको म्यानेजरीएल एक्सीलियन्स एप्रोचको प्रयोग सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको घट्दो सहभागिताको विश्लेषण गर्न प्रयोग गरिएको छ । कुनैपनि व्यवस्थापकको कार्यकुशलतामा यो निर्भर गर्दछ । यस सिन्द्धान्त अनुसार कुनैपनि

संगठनको उद्देश्यलाई पूरा गर्न त्यस संगठनमा कार्यरत कर्मचारीहरुलाई दायित्वपूर्ण ढंगबाट कामको जिम्मा दिइनु पर्दछ र कर्मचारीहरुको कामको जिम्मा तहअनुसार प्रदान गर्नुपर्दछ । उच्च तहमा बस्ने कर्मचारीहरुले नीति, नियम निर्माण गर्ने, मध्यम तहका कर्मचारीले माथिल्लो तहका कार्यक्रम तल्लो तहमा पुऱ्याउने एवम् आदेश एवम् निर्देशन जारी गरी तल्लो तहमा आज्ञापालन गर्न लगाउने तथा तल्लो तहका कर्मचारीले मध्यम तहका कर्मचारीहरुको आदेशानुसार काम गर्ने र सेवा सुविधा पुऱ्याउने हुनुपर्दछ, (थापा२०६२)।

सामुदायिक विद्यालयहरुको घट्दो विद्यार्थी भर्ना सङ्ख्याको कारणहरु पत्ता लगाई उच्च तहको व्यवस्थापक उच्च तहमा रहेर कार्य गर्दछन् । तब सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्नाका लागि बनाइएको नीति, नियम, उद्देश्य, रणनीति तयार गरी धारणात्मक कार्य गर्दछ । मध्यम तहका व्यवस्थापकले मानव कार्यसम्बन्धी काम गर्दछन् । यस तहमा उच्च तहको व्यवस्थापकले बनाएका नीति, नियमहरु कार्यान्वयन गर्ने गराउने काम गरिन्छ । यस तहबाट सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीको दायित्व सकारात्मक भएर कार्य क्षेत्रमा सक्रिय रहने तथा उनीहरुमा आत्मविश्वास बढ्न सक्दछ । यसको साथै विद्यालय व्यवस्थापन समिति तथा विद्यालयका शिक्षकहरुमा पनि जोश र उमङ्गको अवस्था रहन्छ । तल्लो तहका व्यवस्थापकले कार्यगत र प्राविधिक कार्य गर्ने हुनाले विशेषतः तल्लो तहले नै नीति नियमको पालना गर्ने गर्दछ । त्यसैले यस्ता व्यवस्थापकबाट तल्लो तहदेखि नै यिनीहरुको व्यक्तिगत जनसम्पर्क बढ्न जान्छ । जसले स्थानीय अवस्थाको साथै त्यहाँको आवश्कतामा आधारित रहेर व्यवस्थापन गर्ने गर्दछ ।

यसैवाट सवै सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थी तथा अभिभावकहरुले अंग्रेजी माध्यममा आफ्ना बालवालिकालाई पढाउने चाहनालाई पूरा गर्न सहयोग मिल्न सक्छ । यसबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई वृद्धि गर्न सकिन्छ । यस प्रक्रियाबाट सामुदायिक विद्यालयले आफ्नो वरिपरीको समुदायमा राम्रो छाप पार्न सकिन्छ र विद्यार्थीहरुको प्रभाव सामुदायिक विद्यालयमा क्रमशः सुधारको अवस्थामा ल्याउन सकिन्छ । यसै सिद्धान्तलाई आधार मानी यो अध्ययन गरिएको छ ।

## २.३. शैक्षिक उपादेयता

मानिस स्वाभावैले राम्रो शिक्षाको लागि चिन्तनशील भइरहने प्राणी हो, तसर्थ ऊ जहाँ राम्रो शिक्षा प्राप्त गर्दछ । ऊ त्यतैतिर जाने गर्दछ । आजको प्रतिस्पर्धी युगमा अरुभन्दा

दक्ष हुनको लागि गुणस्तरीय शिक्षा प्राप्तितर्फ अग्रसर हुने गर्दछ। सामुदायिक विद्यालयहरुमा विद्यार्थीको सहभागिता घट्नुका कारणहरु शीर्षकमा गरिएको शोध अनुसन्धानमा विभिन्न लेख, पुस्तक, प्रतिवेदन र विद्वानहरुको भनाई अध्ययन गर्दा सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्थालाई सुधार्न गम्भीर रुपले सोच्न पर्ने देखिन्छ । सामुदायिक विद्यालयलाई आकर्षकको केन्द्र बनाई हरेक विद्यार्थी अभिभावक, शिक्षक आदि सम्पूर्ण सरोकारवालाहरु माझ प्रभावकारी संस्थाको रुपमा परिचित गराउन आवश्यक भएकाले सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सङ्ख्या बढाउन संस्थागत विद्यालयमा जस्तो अङ्ग्रेजी माध्यममा शिक्षण लागु गर्ने र शिक्षकहरु कर्तव्यनिष्ठ र इमान्दारीपूर्वक शिक्षण गर्ने व्यवस्था गरी विद्यार्थी सङ्ख्या बढाउनु र सामुदायिक विद्यालयहरुलाई बन्द हुने स्थितिवाट जोगाउनु रहेको छ । त्यसैले उल्लेखित साहित्यको पुनरावलोकनबाट सामुदायिक विद्यालयमा घट्दै गएको विद्यार्थी सङ्ख्या बढाउन सहयोग पुऱ्याउने कार्यमा थप मद्दत पुग्ने महशुस गरी यो अनुसन्धान अगाडि बढाइएको छ । निश्चय नै यस प्रयासबाट सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउन मद्दत पुग्नेछ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३. अनुसन्धानात्मक ढाँचा

अनुसन्धानको प्रकारअनुसार तथ्याङ्क संकलन विधि तथा साधनहरु फरक-फरक हुन सक्छन् । तथ्याङ्क संकलन गर्ने विधि र तथ्याङ्क स्रोतका आधारमा पनि अनुसन्धान विधि निर्धारण हुने गर्दछ । मुख्यतः अनुसन्धान गुणात्मक र परिमाणात्मक गरी दुई प्रकारबाट गर्ने गरिन्छ । अनुसन्धानकर्ताको क्षमता रुचि, आर्थिक र भौतिक कारणबाट शैक्षिक अनुसन्धान जस्तो संवेदनशील कुराको अनुसन्धानका लागि यस्ता विभिन्न पक्षको विचार गर्नुपर्ने हुन्छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

यो अध्ययन वर्णनात्मक ढाँचामा आधारित रहेको छ । यसमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई सूक्ष्म व्याख्या  र विश्लेषण गरिएको छ । सम्भावनायुक्त समुहबाट छनोट गरिएका प्राप्त तथ्यको विश्लेषण गरिनुका साथै यससम्बन्धी तथ्यलाई यस अध्ययनको मूल पक्षमा रही तुलनात्मक रुपमा अध्ययन गरिएको छ । त्यसैले यो अनुसन्धान ढाँचा गुणात्मक प्रवृतिको रहेको छ ।

३.२. जनसङ्ख्या र नमुना छनोट

यो शोध अध्ययन गर्नका लागि अध्ययन क्षेत्र सिन्धुली जिल्लाको गौमती नमुना उ.मा.वि. श्रोत केन्द्र अर्न्तगतका ५ ओटा सामुदायिक प्राथमिक विद्यालयलाई छानिएको छ । जसमा बालमन्दिर प्रा.वि. शिखरटोल क.न.पा.-६, बर्देउठाकुर प्रा.वि. माझीटार क.न.पा.-७, प्रा.वि. फाल्चुरी खट्टार रानीचुरी गा.वि.स-१, प्रा.वि. तेर्से खड्कुले रानीचुरी-३ र प्रा.वि. शिखरपुर रानीचुरी-४ लाई उद्देश्यमूलक नमुना छनोट विधि अनुसार लिइएको छ ।

यसअनुसार विद्यालयका वि.व्य.स. अध्यक्ष ५ जना, प्र.अ. ५ जना, कक्षा शिक्षक ५ जना, विद्यार्थीहरु १० जना र अभिभावकहरु मध्येबाट १० जना गरी जम्मा ३५ जनालाई छनोट गरिएको छ । हरेक पक्षलाई अलग अलग प्रश्नहरु भराई तथा अभिभावकसँग अन्तर्वार्ता लिई तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका स्रोत र साधनहरु

प्राथमिक तथ्याङ्कअन्तर्गत शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, अभिभावक तथा प्रधानाध्यापकहरुसँग प्रत्यक्ष अर्न्तवार्ता तथा प्रश्नावली भराई विद्यालयको भौतिक स्रोत र साधनलाई अवलोकन गरेर प्राप्त तथ्याङ्कहरुलाई तालिकामा समावेश गरी प्रस्तुत गरिएको छ । साथै द्वितीय श्रोतअन्तर्गत विद्यालयको School Improvement Plan (SIP), Flash I र Flash II जस्ता तथ्याङ्क फारम तथा विद्यालयसँग सम्बन्धित लेख तथा रचनाहरुलाई समावेश गरिएको छ ।

## ३.४. अध्ययन साधनको छनोट र परीक्षण

यस अध्ययनलाई निस्कर्षमा पुऱ्याउने निश्चित साधनको आवश्यकता पर्दछ । सामुदायिक विद्यालयहरुमा विद्यार्थीको सहभागिता कम हुनुका कारणहरु पत्ता लगाउन गरिने अध्ययन-अनुसन्धान तयार पार्नका लागि तथ्याङ्क संकलन गर्न निम्न औजार र साधन प्रयोग गरिएको छ ।

३.४.१ अन्तवार्ता र प्रश्नावली

३.४.२ अभिलेख अध्ययन

३.४.३ प्रत्यक्ष अवलोकन

३.४.४ छलफल

३.४.५ स्थलगत सर्वेक्षण फाराम

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि उद्देश्य र प्रक्रियामा आधारित नमूना छनोट विधिको प्रयोग गरी अध्ययनका क्रममा प्राथमिक र द्वितीय श्रोतको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरु स्थलगत अध्ययन गरी अर्न्तवार्ता, प्रश्नावली, सर्वेक्षण फारमका आधारमा संकलन गरिएको छ भने द्वितीय तथ्याङ्कको रुपमा विद्यालय अभिलेख, पत्रपत्रिका, प्रतिवेदन र शोधलाई यसको आधारभूत भागहरु मानिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या एवम् विश्लेषण

यो अध्ययन गुणात्मक प्रकृतिको हुने भएकाले सरोकारवाला समुदाय र विद्यालय आदिबाट प्राप्त प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गरिएको छ ।

विभिन्न स्रोतबाट सङ्कलन गरिने तथ्याङ्कहरुलाई सामान्य रुपमा तालिकामा राखिएको छ । तथ्याङ्कको प्रकृति र स्वभावअनुसार ती तथ्याङ्कहरुलाई फरक-फरक समूहमा राखी सोहीअनुसार विश्लेषण गरिएको छ । विद्यार्थीको भर्ना, कक्षा दोहोऱ्याउने र कक्षा बीचैमा छाड्ने आदि गुणात्मक तरिकाले विश्लेषण गरिएको छ  र विद्यालयमा विद्यार्थी सहभागिता घट्नुको कारण तथा वृद्धि गर्नुपर्ने उपायहरु आदिका बारेमा वर्णनात्मक रुपमा विश्लेषण र विवेचना गरिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

### ४. व्याख्या तथा विश्लेषण

कुनैपनि अध्ययनको सबभन्दा महत्वपूर्ण कार्य भनेको अध्ययनकर्ताले सङ्कलन गरेको तथ्यांकलाई व्याख्या र विश्लेषण गर्नु हो । यसै व्याख्या र विश्लेषणको आधारमा अध्ययनको उद्देश्य पूरा हुन्छ । तथ्यांकको उचित व्याख्या र विश्लेषणको आधारमा नै कुनै विषय वा समस्याको बारेमा निष्कर्षमा पुग्न सकिने हुन्छ । त्यसैले यस अध्ययनमा उद्देश्यसँग सम्बन्धित भएर प्राप्त तथ्याङ्कहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१. सामुदायिक विद्यालयमा विद्यार्थीहरुको वास्तविक सहभागिता

कुनैपनि विद्यालयको अस्तित्व त्यस विद्यालयमा अध्ययनरत विद्याथीृहरुको संख्यामा भर पर्दछ । विद्याथीृरुको सहभागिता त्यस विद्यालयको भर्ना दरको आधारमा हुने गर्दछ । त्यसैले विद्यालयमा विद्यार्थीहरुको सहभागिता बढाउन विद्यालयले उचित शैक्षिक व्यवस्थापन गरिनु पर्दछ । यस व्यवस्थापनद्वारा शैक्षिक गुणस्तर कामय गर्न सकिन्छ । शिक्षा समयको माग अनुसार मानिसहरुको आवशयकतालाई परिपूर्ति गर्दै जाने एक महत्वपूर्ण साधन हो । यसको लागि सम्बन्धित निकायले समयको माग र आवश्यकताअनुसार पाठ्यक्रम परिवर्तन गर्दै जानु पर्दछ । पुराना पाठ्यक्रमले आधुनिक समाजमा विकसित हुँदै गइरहेको कठिनाई सम्बोधन गर्न गाह्रो पर्ने भएकाले व्यक्तिको समायोजन गर्न पाठ्यक्रम पनि सुधार गर्दै जानु पर्दछ ।

विद्यालय सक्रिय राख्ने विभिन्न पक्षहरुको विश्लेषण र मूल्याङ्कन गरिनु पर्दछ । ती विभिन्न पक्षहरुमध्ये शिक्षक अत्यन्त महत्वपूर्ण पक्ष हो । जबसम्म शिक्षकले विद्यालयमा आफ्नो सीप, दक्षता तथा अनुभव प्रस्तुत गर्दैन, तबसम्म विद्यार्थीको ज्ञान, धारणा र सीपको विकास सम्भव हुँदैन । त्यसैले विद्यालयलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न शिक्षकहरुलाई उचित किसिमले परिचालन गर्नु पर्दछ ।

शिक्षाको अपेक्षित उद्देश्य हासिल गर्न शिक्षकहरुलाई समय समयमा बैठक, गोष्ठी, सेमिनार, सम्मेलन, छलफल र तालिम आदिको व्यवस्था गरिरहनु पर्दछ । जसले गर्दा शिक्षकहरु आफूलाई आत्मासम्मानित भएको महसुस गर्दछन् ।

विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नको लागि विद्यालयको सम्पूर्ण पक्षको उचित व्यवस्थापन गर्नुपर्दछ । हाम्रो देशमा शिक्षा प्रदान गर्नको लागि सरकारी र निजी दुबै क्षेत्रहरु संलग्न रहेका छन् । सरकारी सामुदायिक विद्यालयमा नेपाली माध्यमद्वारा शिक्षण गरिन्छ भने निजी विद्यालयमा शताब्दीको सचेत अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई निजी विद्यालयमा अध्ययन गराइएको हुन्छ । अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई अङ्ग्रेजीमा पोख्त बनाउन चाहन्छन् जसले गर्दा सामुदायिक विद्यालयहरुमा भर्नादर कम हुँदै सहभागिता पनि कम हुँदै गइरहेको पाइन्छ । यसरी सामुदायिक विद्यालयप्रतिको अविश्वासले गर्दा अभिभावकहरु बाध्य भएर निजी विद्यालयमा आफ्ना बालबालिकाहरुलाई भर्ना गराउँछन् र सकिनसकी महंगो शुल्क भुक्तानी गर्दछन् । यसरी अभिभावकहरु बाध्य भएर शुल्क भुक्तानी गर्नु पर्दा विनासितै आर्थिक भार बढ्ने अवस्थालाई कम गर्न सामुदायिक विद्यालयहरुमा गरेको लगानी त्यसै खेर जाने हुन्छ । तसर्थ सरकारको लगानीको उचित रुपले प्रयोग गर्न अभिभावकहरुको विनासितै आर्थिक भार बढ्ने अवस्थालाई कम गर्न सामुदायिक विद्यालयमा पनि अङ्ग्रेजी माध्यमद्वारा शिक्षण गर्ने व्यवस्था गर्नु पर्दछ ।

यदि सामुदायिक विद्यालयहरुमा यस प्रकारको व्यवस्था भएमा अवश्यपनि विद्यार्थीहरुको भर्ना सङ्ख्या एवम् सहभागिता बढ्दै जाने कुराको विश्वास गर्न सकिन्छ । सामुदायिक विद्यालयका शिक्षकहरुको योग्यता, दक्षता, क्षमता, अनुभव र तालिम राम्रो प्राप्त भएर पनि उत्तरदायित्वको हिसाबले निजी विद्यालयको तुलनामा अत्यन्त लापरवाही भएको कारणले पनि अभिभावकहरु सामुदायिक विद्यालयप्रतिको आकर्षण घट्दै गएको अवस्था विद्यमान रुपमा रहेको पाइन्छ । तसर्थ यसको लागि जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति तथा विद्यालय निरीक्षक, प्रधानाध्यापक तथा अभिभावकबाट सामुदायिक विद्यालयको शैक्षिक गतिविधिबारे निरन्तर अवलोकन, चासो र निरीक्षण गरिनु पर्दछ । यस प्रक्रियाबाट शिक्षकहरुको निस्क्रियतालाई बदल्न सक्छ र सक्रिय शिक्षकहरुबाट विद्यालयको शैक्षिक अवस्थालाई सुधार गर्न सकिन्छ । सामुदायिक विद्यालयको वास्तविक अवस्था पत्ता लगाउन अवलोकन गरिएका विद्यालयमा गई विद्यालयको प्रत्येक वर्ष हुने विद्यार्थी भर्ना सङ्ख्या, कक्षा बीचैमा छाड्ने सङ्ख्या, कक्षा दोहोऱ्याउने सङ्ख्या, परीक्षामा सम्मिलित सङ्ख्या, परीक्षामा सफल हुने सङ्ख्या र विद्यार्थी शिक्षक अनुपात आदिको बारेमा अध्ययन गरी विश्लेषण गरिएको छ ।

## विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण

### तालिका नं. १
### विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण
### श्री प्राथमिक विद्यालय बालमन्दिर शिखरटोल

| साल | कक्षा | कूल भर्ना विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तीर्ण | | | कक्षा बिचैमा छाड्ने | | | कक्षा दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | १ | ७ | ७ | १४ | ५ | ५ | १० | ५ | ५ | १० | २ | २ | ४ | १ | १ | २ |
| | २ | ८ | ७ | १५ | ८ | ५ | १३ | ८ | ५ | १३ | ० | २ | २ | १ | १ | २ |
| | ३ | ६ | ५ | ११ | ५ | ४ | ९ | ५ | ४ | ९ | ० | ० | ० | ० | ० | ० |
| | ४ | ७ | ४ | ११ | ७ | २ | ९ | ७ | २ | ९ | ० | ० | ० | ० | ० | ० |
| | ५ | ६ | २ | ८ | ६ | २ | ८ | ६ | २ | ८ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ३४ | २५ | ५९ | ३१ | १८ | ४९ | ३१ | १८ | ४९ | २ | ४ | ६ | २ | २ | ४ |
| २०६७ | १ | ८ | १९ | २७ | ७ | १५ | २२ | ४ | ६ | १० | १ | ४ | ५ | ३ | ९ | १२ |
| | २ | ८ | ८ | १६ | ८ | ८ | १६ | ४ | ७ | ११ | ० | ० | ० | ४ | १ | ५ |
| | ३ | १२ | ६ | १८ | १२ | ६ | १८ | १२ | ५ | १७ | ० | ० | ० | ० | १ | १ |
| | ४ | १० | ७ | १७ | १० | ७ | १७ | ५ | ३ | ८ | ० | ० | ० | ५ | ४ | ९ |
| | ५ | ९ | ४ | १३ | ९ | ४ | १३ | ९ | ४ | १३ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४७ | ४४ | ९१ | ४६ | ४० | ८६ | ३४ | २५ | ५९ | १ | ४ | ५ | १२ | १५ | २७ |
| २०६८ | १ | १२ | १२ | २४ | ६ | ७ | १३ | ६ | ७ | १३ | ६ | ५ | ११ | ६ | ५ | ११ |
| | २ | ६ | ८ | १४ | ५ | ६ | ११ | ५ | ६ | ११ | १ | २ | ३ | १ | २ | ३ |
| | ३ | ७ | ८ | १५ | ७ | ६ | १३ | ७ | ६ | १३ | ० | २ | २ | | २ | २ |
| | ४ | १६ | ४ | २० | ९ | ४ | १३ | ८ | ३ | ११ | १ | १ | २ | ७ | ० | ७ |
| | ५ | ६ | ५ | ११ | ६ | ५ | ११ | ६ | ५ | ११ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४७ | ३७ | ८४ | ३३ | २८ | ६१ | ३२ | २७ | ५९ | ८ | १० | १८ | १४ | ९ | २३ |

स्रोतः विद्यालय तथ्याङ्क फारम २०६९

**१. विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण**

अध्ययनको प्राथमिक बालमन्दिर शिखरटोलको वि.सं. २०६६ सालको कक्षा १ देखि कक्षा ५ सम्मको कूल विद्यार्थी भर्ना सङ्ख्या अध्ययन गर्दा छात्रा ३४ जना र छात्र २५ गरी जम्मा ५९ जना रहेको थियो । वि.सं. २०६७ सालको कूल विद्यार्थी भर्ना सङ्ख्या छात्रा ४७ जना र छात्र ४७ जना गरी जम्मा ९४ रहेको थियो भने २०६८ सालको कूल भर्ना विद्यार्थी सङ्ख्या छात्रा ४७ र छात्र ३७ गरी जम्मा ८४ जना तथा वि.सं. २०६८ को छात्रा ४० र छात्र ३५ गरी जम्मा ७६ जना रहेको थियो ।

**२. परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या**

अध्ययनको क्रममा यस प्राथमिक विद्यालय बालमन्दिरमा वि.सं. २०६६ सालमा छात्रातर्फ ३१ र छात्र तर्फ १८ गरी जम्मा ४९ जना परीक्षामा सम्मिलित भएको पाइयो । त्यसैगरी २०६७ सालमा छात्रा ४६ र छात्र ४० गरी अध्ययनको क्रममा यस प्राथमिक विद्यालय बालमन्दिरमा वि.सं. २०६६ सालमा छात्रातर्फ ३१ र छात्र तर्फ १८ गरी जम्मा ४९ जना परीक्षामा सम्मिलित भएको पाइयो । त्यसैगरी २०६७ सालमा छात्रा ४६ र छात्र ४० गरी जम्मा ८६ जना, २०६८ सालमा छात्रा ३३ र छात्र २८ गरी ६१ जना परीक्षार्थी परीक्षमा सम्मिलित भएको पाइयो ।

**३. परीक्षामा उत्तीर्ण विद्यार्थी सङ्ख्या**

यस विद्यालयमा वि.सं. २०६६ सालमा परीक्षामा उत्तीर्ण हुने विद्यार्थीको संख्या छात्रा ३१ र छात्र १८ गरी जम्मा ४९ जना, २०६७ सालमा छात्रा ३४ र छात्र २५ गरी जम्मा ५९ जना तथा २०६८ सालमा छात्रातर्फ ३२ जना र छात्र २७ गरी जम्मा ५९ जना विद्यार्थीहरु परीक्षामा उत्तीर्ण भएको पाइयो ।

**४. कक्षा बीचैमा छाड्ने विद्यार्थी सङ्ख्या**

प्रा.वि. बालमन्दिरको २०६६ सालमा कक्षा बीचैमा छाड्ने विद्यार्थीको सङ्ख्या छात्रातर्फ २ र छात्र ४ गरी जम्मा ६ जना, २०६७ सालमा छात्रा १ र छात्र ४ गरी जम्मा ५ जना तथा २०६८ सालमा छात्रा ८ र छात्र १० गरी जम्मा १८ जना विद्यार्थी बीचैमा कक्षा छाडेर हिडेको पाइयो ।

## ५. कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या

यस विद्यालयको वि.सं. २०६६ मा कक्षा दोहोऱ्याउने छात्राको सङ्ख्या २ र छात्र २ गरी ४ जना, २०६७ सालमा छात्रा १२ र छात्र १५ गरी २७ जना तथा २०६८ सालमा छात्राको सङ्ख्या १४ र छात्र ९ गरी जम्मा २३ जना विद्यार्थीले कक्षा दोहोऱ्याएको अध्ययनको क्रममा पाइयो ।

श्री प्राथमिक विद्यालय माभ्कीटार

| साल | कक्षा | कूल भर्ना विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तीर्ण | | | कक्षा बिचैमा छाड्ने | | | कक्षा दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | १ | १८ | १७ | ३५ | ३ | ३ | ६ | ३ | ३ | ६ | १५ | १४ | २९ | ० | ० | ० |
| | २ | ११ | ५ | १६ | १ | १ | २ | १ | १ | २ | १० | ४ | १४ | ० | ० | ० |
| | ३ | १० | ३ | १३ | ४ | ३ | ७ | ४ | ३ | ७ | ६ | ० | ६ | ० | ० | ० |
| | ४ | ३ | ४ | ७ | ३ | ४ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ५ | ८ | ३ | ११ | ५ | ३ | ८ | ५ | ३ | ८ | ३ | ० | ३ | ० | ० | ० |
| जम्मा | | ५० | ३२ | ८२ | १६ | १४ | ३० | १६ | १४ | ३० | ३४ | १८ | ५२ | ० | ० | ० |
| २०६७ | १ | ८ | ६ | १४ | ८ | ६ | १४ | ३ | ३ | ६ | ० | ० | ० | ५ | ३ | ८ |
| | २ | ३ | २ | ५ | ३ | २ | ५ | ३ | २ | ५ | ० | ० | ० | ० | ० | ० |
| | ३ | २ | ४ | ६ | २ | ४ | ६ | २ | ४ | ६ | ० | ० | ० | ० | ० | ० |
| | ४ | ४ | १ | ५ | ४ | १ | ५ | ४ | १ | ५ | ० | ० | ० | ० | ० | ० |
| | ५ | ४ | ३ | ७ | ४ | ३ | ७ | ४ | ३ | ७ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | २१ | १६ | ३७ | २१ | १६ | ३७ | १६ | १३ | २९ | ० | ० | ० | ५ | ३ | ८ |
| २०६८ | १ | ९ | ६ | १५ | ७ | ६ | १३ | ३ | २ | ५ | २ | ० | ० | ० | ४ | ८ |
| | २ | ३ | ३ | ६ | ३ | ३ | ६ | ३ | ३ | ६ | ० | ० | ० | ० | ० | ० |
| | ३ | ३ | २ | ५ | ३ | २ | ५ | १ | २ | ३ | ० | ० | ० | २ | ० | २ |
| | ४ | २ | ३ | ५ | २ | ३ | ५ | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० |
| | ५ | ६ | २ | ८ | ४ | २ | ६ | ४ | २ | ६ | २ | ० | २ | ० | ० | ० |
| जम्मा | | २३ | १६ | ३९ | १९ | १६ | ३५ | १३ | १२ | २५ | ४ | ० | ४ | ६ | ४ | १० |

## १. विद्यार्थी भर्ना सङ्ख्या विश्लेषण

यस प्राथमिक विद्यालय माभ्कीटारको २०६६ सालको कक्षा १ देखि कक्षा ५ सम्मको कूल विद्यार्थी भर्ना सङ्ख्या अध्ययन गर्दा छात्रा ५० जना र छात्र ३२ गरी जम्मा ८२ जना, वि.सं. २०६७ सालको छात्रा २१ जना र छात्र १६ जना गरी जम्मा ३७ रहेको थियो भने २०६८ सालको कूल भर्ना विद्यार्थी सङ्ख्या छात्रा २३ र छात्र १६ गरी जम्मा ३९ जना तथा वि.सं. २०६८ को छात्रा ३३ र छात्र १४ गरी जम्मा ४७ जना विद्यार्थी भर्ना भएका थिए ।

**२. परीक्षामा सम्मिलित विद्यार्थी संख्या**

वि.सं. २०६६ सालमा छात्रातर्फ १६ जना, छात्र १४ जना गरी कूल जम्मा ३० जना, २०६७ सालमा छात्रा २१ र छात्र १६ गरी ३७ जना तथा २०६८ सालमा छात्रातर्फ १९ र जना र छात्रतर्फ १६ जना गरी जम्मा ३५ जना विद्यार्थीहरु परीक्षामा सम्मिलित भएको पाइयो ।

**३. परीक्षामा उत्तीर्ण विद्यार्थीको संख्या**

माथि तालिकामा उल्लेख गरिएअनुसार वि.सं. २०६६ सालमा छात्रातर्फ १६ जना र छात्र १४ जना गरी ३० जना, २०६७ सालमा छात्रातर्फ १६ जना र छात्र १३ गरी २९ जना, २०६८ सालमा छात्राको संख्या १३ जना र छात्रको संख्या १२ गरी २५ जना विद्यार्थी परीक्षामा उत्तीर्ण रहेको पाइयो ।

**४. बीचैमा कक्षा छाड्ने विद्यार्थीहरु**

वि.सं. २०६६ सालमा छात्रातर्फ ३४ जना र छात्र १८ गरी ५२ जना, २०६७ सालमा छात्रातर्फ शून्य र छात्र शून्य तथा वि.सं. २०६८ सालमा छात्रातर्फ मात्र ४ जना बीचैमा कक्षा छाड्ने विद्यार्थीहरुको संख्या रहेको पाइयो ।

**५. कक्षा दोहोऱ्याउने विद्यार्थीको संख्या**

वि.सं. २०६६ सालमा कक्षा दोहोऱ्याउने छात्रा र छात्रको संख्या पाइएन भने २०६७ सालमा छात्रा ५ जना र छात्र ३ गरी जम्मा ८ जना तथा २०६८ सालमा छात्राको संख्या ४ जना र छात्र ६ गरी कूल १० जना विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइयो ।

# श्री प्राथमिक विद्यालय फाल्चुरी खट्टार (रानीचुरी गा.वि.स.)

| साल | कक्षा | कूल भर्ना विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तीर्ण | | | कक्षा बिचैमा छाड्ने | | | कक्षा दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०३३ | १ | २१ | २५ | ४६ | ११ | १४ | २५ | ६ | ८ | १४ | १० | ११ | २१ | ५ | ६ | ११ |
| | २ | ५ | १३ | १८ | ४ | १० | १४ | ४ | १० | १४ | १ | ३ | ४ | ० | ० | ० |
| | ३ | २ | ७ | ९ | २ | ७ | ९ | २ | ७ | ९ | ० | ० | ० | ० | ० | ० |
| | ४ | ५ | १० | १५ | ४ | ३ | ७ | ४ | ३ | ७ | १ | ७ | ८ | ० | ० | ० |
| | ५ | १४ | ११ | २५ | ४ | १० | १४ | ४ | १० | १४ | १० | १ | ११ | ० | ० | ० |
| जम्मा | | ४७ | ६६ | ११३ | २५ | ४४ | ६९ | २० | ३८ | ५८ | २२ | २२ | ४४ | ५ | ६ | ११ |
| २०३७ | १ | २६ | २८ | ५४ | १५ | २६ | ४१ | ७ | ६ | १३ | ११ | २ | १३ | ८ | २० | २८ |
| | २ | ११ | १३ | २४ | ११ | १३ | २४ | ७ | ७ | १४ | ० | ० | ० | ४ | ६ | १० |
| | ३ | ६ | ६ | १२ | ५ | ५ | १० | ४ | ३ | ७ | १ | १ | २ | १ | २ | ३ |
| | ४ | ८ | ८ | १६ | ६ | ८ | १४ | ६ | ७ | १३ | २ | ० | २ | ० | १ | १ |
| | ५ | ९ | ६ | १५ | ९ | ५ | १४ | ९ | ५ | १४ | ० | १ | १ | ० | ० | ० |
| जम्मा | | ६० | ६१ | १२१ | ४६ | ५७ | १०३ | ३३ | २८ | ६१ | १४ | ४ | १८ | १३ | २९ | ४२ |
| २०३८ | १ | २४ | ११ | ३५ | ६ | ७ | १३ | ५ | ६ | ११ | १८ | ४ | २२ | १ | १ | २ |
| | २ | १० | १२ | २२ | १० | १२ | २२ | १० | ११ | २१ | ० | ० | ० | ० | १ | १ |
| | ३ | ६ | १५ | २१ | ४ | ६ | १० | ४ | ६ | १० | २ | ९ | ११ | ० | ० | ० |
| | ४ | २ | ८ | १० | २ | ५ | ७ | २ | ५ | ७ | ० | ३ | ३ | ० | ० | ० |
| | ५ | २ | १२ | १४ | २ | ५ | ७ | २ | ५ | ७ | ० | ७ | ७ | ० | ० | ० |
| जम्मा | | ४४ | ५८ | १०२ | २४ | ३५ | ५९ | २३ | ३३ | ५६ | २० | २३ | ४३ | १ | २ | ३ |

**१. कूल भर्ना विद्यार्थी संख्या**

यस प्राथमिक विद्यालय फाल्चुरी खट्टार रानीचुरीको २०६६ सालमा कूल छात्रा ४७ र छात्र ६६ गरी ११३ जना, २०६७ सालमा छात्रा ६० र छात्र ६१ गरी १२१ जना, वि.सं. २०६८ सालमा छात्रा ४४, छात्र ५८ गरी कूल १०२ जना र वि.सं. २०६९ मा छात्रा ४१ र छात्र ३३ गरी कूल ७४ जना रहेको पाइयो ।

**२. परीक्षामा सम्मिलित विद्यार्थी संख्या**

प्रा.वि. फाल्चुरी खट्टारमा वि.सं. २०६६ सालमा परीक्षामा सम्मिलित हुने छात्राको संख्या २५ र छात्र संख्या ४४ गरी ६९ जना, २०६७ सालमा छात्रा ४७ जना र छात्र ५७ गरी १०३ जना र २०६८ सालमा छात्रातर्फ २४ जना र छात्र ३५ गरी कूल ५९ जना विद्यार्थीहरु परीक्षामा सामेल भएको पाइयो ।

**३. परीक्षामा उत्तीर्ण हुने विद्यार्थी संख्या**

यस प्राथमिक विद्यालयमा वि.सं. २०६६ सालमा छात्राको संख्या २० र छात्रको संख्या ३८ गरी ५८ जना, २०६७ सालमा छात्राको संख्या ३३ र छात्र २८ गरी ५१ जना तथा २०६८ सालमा छात्राको संख्या २३ जना र छात्र ३३ गरी ५६ जना विद्यार्थीहरु परीक्षामा उत्तीर्ण भएको पाइयो ।

**४. कक्षा बिचैमा छाड्ने विद्यार्थीको संख्या**

वि.सं. २०६६ सालमा छात्रातर्फ २२ जना र छात्र २२ गरी कूल ४४ जना, २०६७ सालमा छात्राको छात्रा १४ र छात्र ४ गरी १८ जना तथा २०६८ सालमा छात्रा २० र छात्र २३ गरी ४३ जना विद्यार्थीहरुले कक्षा बिचैमा छाडेको पाइयो ।

**५. कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या**

यस प्राथमिक विद्यालय फाल्चुरी खट्टारमा वि.सं. २०६६ सालमा छात्राको संख्या ५ र छात्र ६ गरी ११ जना, २०६७ सालमा छात्रा १३ र छात्र २९ गरी ४२ जना तथा २०६८ सालमा छात्रा १ र छात्र २ गरी कूल ३ जना विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइयो ।

श्री प्राथमिक विद्यालय शिखरपुर (रानीचुरी गा.वि.स.)

| साल | कक्षा | कूल भर्ना विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तीर्ण | | | कक्षा बिचैमा छाड्ने | | | कक्षा दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | १ | १७ | १९ | ३६ | ८ | ९ | १७ | ६ | ६ | १२ | ९ | १० | १९ | २ | ३ | ५ |
| | २ | ४ | ४ | ८ | २ | ४ | ६ | २ | ४ | ६ | २ | ० | २ | ० | ० | ० |
| | ३ | ६ | १ | ७ | ६ | १ | ७ | ६ | १ | ७ | ० | ० | ० | ० | ० | ० |
| | ४ | ७ | २ | ९ | ५ | २ | ७ | ५ | २ | ७ | २ | ० | २ | ० | ० | ० |
| | ५ | ६ | ८ | १४ | ६ | ६ | १२ | ६ | ६ | १२ | ० | २ | २ | ० | ० | ० |
| जम्मा | | ४० | ३४ | ७४ | २७ | २२ | ४९ | २५ | १९ | ४४ | १२ | १२ | २४ | २ | ३ | ५ |
| २०६७ | १ | १८ | १४ | ३२ | ७ | ९ | १६ | ५ | ८ | १३ | ११ | ५ | १६ | २ | १ | ३ |
| | २ | ८ | ६ | १४ | ८ | ६ | १४ | ८ | ४ | १२ | ० | ० | ० | ० | २ | २ |
| | ३ | २ | ४ | ६ | २ | ४ | ६ | २ | ४ | ६ | ० | ० | ० | ० | ० | ० |
| | ४ | ८ | २ | १० | ८ | ० | ८ | ८ | ० | ८ | ० | २ | २ | ० | ० | ० |
| | ५ | ७ | २ | ९ | ६ | २ | ८ | ६ | २ | ८ | १ | ० | १ | ० | ० | ० |
| जम्मा | | ४३ | २८ | ७१ | ३१ | २१ | ५२ | २९ | १८ | ४७ | १२ | ७ | १९ | २ | ३ | ५ |
| २०६८ | १ | २२ | ११ | ३३ | १६ | ६ | २२ | ८ | ४ | १२ | ६ | ५ | ११ | ६ | २ | ८ |
| | २ | ८ | १४ | २२ | ८ | ८ | १६ | ६ | ८ | १४ | ० | ६ | ६ | ० | २ | २ |
| | ३ | १० | ६ | १६ | १० | ६ | १६ | १० | ६ | १६ | ० | ० | ० | ० | ० | ० |
| | ४ | २ | ४ | ६ | २ | ४ | ६ | २ | ४ | ६ | ० | ० | ० | ० | ० | ० |
| | ५ | ७ | १ | ८ | ७ | १ | ८ | ७ | १ | ८ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४९ | ३६ | ८५ | ४३ | २५ | ६८ | ३३ | २३ | ५६ | ६ | ११ | १७ | ८ | २ | १० |

## १. कूल भर्ना विद्यार्थी संख्या

यस प्रा.वि. शिखरपुर, रानीचुरीको वि.सं २०६६ सालका कुल भर्ना छात्रा तर्फ ४० जना छात्र ३७ गरी ७४ जना, २०६७ मा छात्रा ४३ जना छात्र २८ गरी ६९ जना

वि.सं.०६८ मा छात्रा ४९ जना छात्र ३६ जना गरी ८५ जना तथा वि.सं. २०६९ मा छात्रातर्फ ४९ जना र छात्र ३३ गरी कुल जम्मा ८२ जना रहेको पाइयो ।

**२. परीक्षामा सम्मिलित विद्यार्थी संख्या**

यस प्रा.वि. शिखरपुर राखीचुरीको २०६६ सालमा छात्रा २७ र छात्र २२ गरी ४९ जना २०६७ मा छात्रा ३१ र छात्र २१ गरी ५२ जना जम्मा तथा २०६८ मा छात्रा ४३ र छात्र २५ गरी जम्मा ६८ जना विद्यार्थीहरु परीक्षामा सम्मिलित भएको पाइयो ।

**३. परीक्षामा उत्तीर्ण हुने विद्यार्थी संख्या**

वि.सं. २०६६ सालमा छात्रातर्फ २५ जना र छात्र १९ गरी ४४ जना, २०६७ सालमा छात्रा २९ जना र छात्र १८ गरी ४७ जना तथा २०६८ सालमा छात्रातर्फ ३३ जना र छात्र २३ गरी कूल जम्मा ५६ विद्यार्थीहरु परीक्षामा उत्तीर्ण भएको पाइयो ।

**४. कक्षा बिचैमा छाड्ने विद्यार्थीको संख्या**

वि.सं. २०६६ सालमा छात्रातर्फ १३ जना र छात्र ११ जना गरी २५ जना, २०६७ सालमा छात्रातर्फ १२ जना र छात्र ७ गरी १९ जना तथा २०६८ सालमा छात्रा ६ जना र छात्र ११ गरी कूल १७ जना विद्यार्थीहरुले कक्षा बिचैमा छाडेको पाइयो ।

**५. कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या**

यस विद्यालयको वि.सं. २०६६ सालमा छात्रा २ जना र छात्र ३ जना गरी ५ जना, २०६७ सालमा छात्रातर्फ २ र छात्र ३ गरी ५ जना तथा २०६८ सालमा छात्रा संख्या ८ र छात्र २ गरी कूल १० जना विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइयो ।

श्री प्राथमिक विद्यालय तेर्सेखड्कुले (रानीचुरी गा.वि.स.)

| साल | कक्षा | कूल भर्ना विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तीर्ण | | | कक्षा बिचैमा छाड्ने | | | कक्षा दोहोऱ्याउने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | १ | २७ | २२ | ४९ | १६ | १८ | ३४ | १२ | ९ | २१ | ११ | ४ | १५ | ४ | ९ | १३ |
| | २ | १२ | १३ | २५ | १२ | ६ | १८ | ६ | ५ | ११ | ० | ७ | ७ | ६ | १ | ७ |
| | ३ | ११ | ११ | २२ | ९ | ९ | १८ | ८ | ८ | १६ | २ | २ | ४ | १ | १ | २ |
| | ४ | ९ | ७ | १६ | ९ | ६ | १५ | ८ | ६ | १४ | ० | १ | १ | १ | ० | १ |
| | ५ | ८ | ६ | १४ | ८ | ६ | १४ | ८ | ६ | १४ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ६७ | ५९ | १२६ | ५४ | ४५ | ९९ | ४२ | ३४ | ७६ | १३ | १४ | २७ | १२ | ११ | २३ |
| २०६७ | १ | २६ | २८ | ५४ | १५ | २६ | ४१ | ७ | ६ | १३ | ११ | २ | १३ | ८ | २० | २८ |
| | २ | ११ | १३ | २४ | ११ | १३ | २४ | ७ | ७ | १४ | ० | ० | ० | ४ | ६ | १० |
| | ३ | ७ | ६ | १३ | ५ | ५ | १० | ४ | ३ | ७ | २ | १ | ३ | १ | २ | ३ |
| | ४ | ८ | ८ | १६ | ६ | ८ | १४ | ३६ | ७ | १३ | २ | ० | २ | ० | १ | १ |
| | ५ | ९ | ६ | १५ | ९ | ५ | १४ | ९ | ५ | १४ | ० | १ | १ | ० | ० | ० |
| जम्मा | | ६१ | ६१ | १२२ | ४६ | ५७ | १०३ | ३३ | २८ | ६१ | १५ | ४ | १९ | १३ | २९ | ४२ |
| २०६८ | १ | २३ | १३ | ३६ | २० | १० | ३० | २० | ८ | २८ | ३ | ३ | ६ | ० | २ | २ |
| | २ | ६ | ७ | १३ | ६ | ७ | १३ | ६ | ७ | १३ | ० | ० | ० | ० | ० | ० |
| | ३ | ७ | ३ | १० | ७ | ३ | १० | ७ | ३ | १० | ० | ० | ० | ० | ० | ० |
| | ४ | ५ | ३ | ८ | ३ | २ | ५ | ३ | २ | ५ | २ | १ | ३ | ० | ० | ० |
| | ५ | ६ | ७ | १३ | ४ | ७ | ११ | ४ | ७ | ११ | २ | २ | ४ | ० | ० | ० |
| जम्मा | | ४७ | ३३ | ८० | ४० | २९ | ६९ | ४० | २७ | ६७ | ७ | ४ | ११ | ० | २ | २ |

### १. कूल भर्ना विद्यार्थी संख्या

त्यसैगरी प्रा.वि. तेर्से खड्कुले रानीचुरीका वि.सं.२०६६ सालको कुल भर्ना छात्रा तर्फ ६७ जना छात्रतर्फ ५९ गरी जम्मा १२६ जना २०६७ मा छात्रा तर्फ ६१ जना र छात्र तफ ६१ गरी कुल जम्मा १२२ जना वि.सं. २०६८ मा छात्रा ४७ जना तथा छात्रा ३३ गरी कुल भर्ना छात्रा तर्फ ६० जना विद्यार्थी भर्ना भएका थिए ।

### २. परीक्षामा सम्मिलित विद्यार्थी संख्या

वि.सं. २०६६ सालमा छात्रा ५४ जना र छात्र ४५ गरी ९९ जना, २०६७ सालमा छात्रा ४६ जना र छात्र ५७ गरी १०३ जना तथा २०६८ सालमा छात्रा ४० र छात्र २९ गरी कूल ६९ जना विद्यार्थीहरु परीक्षामा सम्मिलित रहेको पाइयो ।

### ३. परीक्षामा उत्तीर्ण हुने विद्यार्थी संख्या

वि.सं. २०६६ सालमा छात्रा ४२ जना, छात्र ३४ गरी ७६ जना, २०६७ सालमा छात्रा ३३ र छात्र २८ गरी ६१ जना तथा २०६८ सालमा छात्रा ४० जना र छात्र ६७ जना विद्यार्थीहरु परीक्षामा उत्तीर्ण भएको पाइयो ।

### ४. कक्षा बिचैमा छाड्ने विद्यार्थीको संख्या

यस अध्ययनअनुसार वि.सं. २०६६ सालमा छात्रा १३ र छात्र १४ गरी जम्मा २७ जना, २०६७ सालमा छात्रा १५ र छात्र ४ गरी जम्मा १९ जना, २०६८ सालमा छात्रा ७ जना र छात्र ४ गरी ११ जना विद्यार्थीहरुले बिचैमा कक्षा छाडेको पाइयो ।

### ५. कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या

वि.सं. २०६६ सालमा छात्रा १२ जना र छात्र ११ गरी २३ जना, २०६७ सालमा छात्रा १३ र छात्र २९ गरी ४२ जना तथा २०६८ सालमा २ जना छात्रले मात्र कक्षा दोहोऱ्याएको अध्ययनले देखाएको छ ।

तालिका नं.

शिक्षक विद्यार्थी अनुपात

| साल | प्रा.वि. बालमन्दिर | | | प्रा.वि. माझीटार | | | प्रा.वि. फाल्चुरी खड्डार | | | प्रा.वि. तेर्से खड्कुले | | | प्रा.वि. शिखरपुर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
| ०६६ | ५९ | ६ | ९:८४ | ८२ | ४ | २०.५ | ११३ | ४ | ३७.६७ | १२६ | ३ | ४२ | ७४ | २ | ३७ |
| ०६७ | ९१ | ६ | १५.१६ | ३७ | ४ | ९.२२ | १२१ | ४ | ३०.२२ | १२२ | ३ | ४०.६ ६ | ७१ | २ | ३५.५ |
| ०६८ | ८४ | ६ | १४ | ३९ | ४ | ९.७५ | १०२ | ४ | २५.५ | ८० | ३ | २६.६७ | ८५ | २ | ४२.५ |
| ०६९ | ७६ | ६ | १२.६७ | ४७ | ४ | ११.७५ | ७४ | ४ | १८.५ | ६० | ३ | २० | ८२ | २ | ४१ |

माथि उल्लेख गरिएको तालिकाको आधारमा उल्लेख गरिएको विद्यालयको शिक्षक विद्यार्थी अनुपाताको अध्ययन गर्दा प्रा.वि. वालमन्दिरको वि.सं.२०६६ सालमा शिक्षक विद्यार्थी अनुपात ९८४,२०६७ सालमा १५१६ २०.५ २०६७ सालमा ९.२२ २०६८ सालमा १२.६७ रहेको पाइयो । प्रा.वि. माझीटारको शिक्षक विद्यार्थी अनुपात २०६६ सालमा २०.५ २०६७ सालमा ९.२२ २०६८ साला ९.७५ र २०६९ सालमा ११.७५ रहेको पाइयो । यसैगरी प्रा.वि. फाल्चुरी खट्टारको शिक्षक विद्यार्थी अनुपात २०६६ सालमा ३६.६७, २०६७ सालमा ३०.२२,२०६८ अनुपात २०६६ सालमा २५.५ र २०६८ सालमा १८.५ रहेको पाइयो ।त्यस्तै प्रा.वि. तेस्रे खड्कुलको शिक्षक विद्यार्थी अनुपात २०६६ सालमा ४२,२०६७ सालमा ४०.६६,२०६८ सालमा २६.६७,२०६९ सालमा २० रहेको पाइयो ।

त्यसैगरी प्रा.वि. शिखरपुरको शिक्षक विद्यार्थी अनुपाता वि.सं. २०६६ सालमा ३६,२०६७ सालमा ३५.५ २०६८ सालमा ४२.५ र २०६९ सालमा ४१ जना रहेको पाइयो । यसरी अध्ययन गर्दा अध्ययन गरिएको ५ वटा विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात घट्दै गएको पाइयो ।

**शिक्षक दरवन्दी र भौतिक अवस्था**

**क) प्रा.वि. बालमन्दिर**

| क.सं. | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | तालिम | स्थायी/अस्थायी | कैफियत |
|---|---|---|---|---|---|
| १ | निर्मला देवकोटा | आई.ए | प्राप्त | प्रधानाध्यापक | |
| २ | मिथिला देवकोटा | एस.एल.सी | ,, | शिक्षक | |
| ३ | रिता लामा | एस.एल.सी | ,, | ,, | |
| ४ | प्रमिला प्रसाई | आई.ए | ,, | ,, | |
| ५ | गुहेश्वरी कोइराला | एस.एल.सी | ,, | ,, | |
| ६ | सावित्रा घिमिरे | आई.एड. | ,, | अस्थायी | राहत |

**भौतिक अवस्था**

**जग्गाको क्षेत्रफल ३ कट्टा**

भवन संख्या २ पक्की जस्ताको छाना भएको

कक्षा कोठा संख्या ५ पक्की

कोठाको आकार ३६×२४ फिट

शौचालय-२ वटा

खानेपानी धाराको व्यवस्था भएको

फर्निचर-डेस्क बेन्च ३० जोर

काँडेतार घेरा बेरा भएको

खेलमैदान सामन्य

**ख) प्रा.वि. माझीटार**

| २क्र.सं. | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | तालिम | स्थायी/अस्थायी | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी खत्री | एस.एल.सी | प्राप्त | प्रधानाध्यापक | |
| २ | लिला ढकाल | वि.व्य.वि.एड | ,, | शिक्षक | |
| ३ | शान्ता अधिकारी | एस.एल.सी | ,, | ,, | |
| ४ | ज्योत्सना श्रेष्ठ | एस.एल.सी | ,, | अस्थायी | |

**भौतिक अवस्था**

जग्गाको क्षेत्रफल १.५ कट्टा

भवन संख्या १ पक्की जस्ताको छाना भएको

कक्षा कोठा संख्या ५

कोठाको आकार ३६×२५ फिट

कच्ची १८ × १२ फिट

शौचालय-२ वटा

खानेपानी धाराको व्यवस्था नभएको

फर्निचर-डेस्क बेन्च १४ जोर

खेलमैदान सामन्य

**ग) प्रा.वि. फाल्चुरी खट्टार**

| क.सं. | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | तालिम | स्थायी/अस्थायी | कैफियत |
|---|---|---|---|---|---|
| १ | नन्दराज पहाडी | एस.एल.सी | प्राप्त | प्रधानाध्यापक | |
| २ | प्रज्वला काफ्ले | बी.एड. | ,, | स्थायी | |
| ३ | भगवती तिमल्सिना | आइ.एड. | ,, | अस्थायी | |
| ४ | रेखा गौतम | आइ.एड. | ,, | अस्थायी | |

**भौतिक अवस्था**

जग्गाको क्षेत्रफल १.५ कठ्ठा

भवन संख्या १ कच्ची जस्ताको छाना भएको

कक्षा कोठा संख्या ६ ओटा कच्ची (२ पक्की, ४ कच्ची)

कोठाको आकार २०×१५ फिट

शौचालय-१ वटा

खानेपानी धाराको व्यवस्था नभएको

फर्निचर-डेस्क बेन्च ३० जोर

खेलमैदान सामान्य

**घ) प्रा.वि. तेर्से खड्कुले रानीचुरी**

| क.सं. | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | तालिम | स्थायी/अस्थायी | कैफियत |
|---|---|---|---|---|---|
| १ | नारायणप्रसाद चौलागाई (प्र.अ.) | आइ.ए. | प्राप्त | स्थायी | |
| २ | पोष्टप्रसाद काफ्ले | आइ.ए. | ,, | स्थायी | |
| ३ | गोमा दर्लामी | एस.एल.सी. | ,, | राहत | |

**भौतिक अवस्था**

जग्गाको क्षेत्रफल ३ कठ्ठा

भवन संख्या ३ कच्ची जस्ताको छाना भएको

कक्षा कोठा संख्या ६ ओटा कच्ची

कोठाको आकार ३०×३२ फिट

शौचालय-२ वटा

खानेपानी धाराको व्यवस्था नभएको

फर्निचर-डेस्क बेन्च २१ जोर

खेलमैदान प्रशस्त भएको ।

**ङ) प्रा.वि. शिखरपुर रानीचुरी**

| क.सं. | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | तालिम | स्थायी/अस्थायी | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानबहादुर घिसिङ (प्र.अ.) | आइ.एड. | प्राप्त | अस्थायी राहत | |
| २ | यशोदा भुजेल | एस.एल.सी | अप्राप्त | अस्थायी राहत | |

**भौतिक अवस्था**

जग्गाको क्षेत्रफल  ३ कठ्ठा

भवन संख्या २ कच्ची जस्ताको छाना भएको

कक्षा कोठा संख्या ३ ओटा कच्ची

कोठाको आकार १८×१२ फिट

शौचालय नभएको

खानेपानी धाराको व्यवस्था नभएको

फर्निचर-डेस्क बेन्च १६ जोर

खेलमैदान सामान्य

४.१.१ विद्यालयमा भौतिक साधनहरुको उपलब्धता र उपयोगीता सर्वप्रथमतः शिक्षा सम्वन्धी उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५९ तथा शिक्षा ऐन २०२८ मा गरिए अनुसार विद्यालयको भौतिक ब्यवस्था सम्वन्धी यसप्रकार रहेको देखिन्छ । जसमा विद्यालयको भोतिक सुविधा देहाय वमोजिम हुनुपर्ने छ ।

क) विद्यालयका प्रत्येक कक्षा कोठाहरु घाम र पानीवाट वचाउ हुने किसिमको हुनुपर्नेछ ।

ख) प्रत्येक विद्यालयमा प्रति विद्यार्थी कक्षागत क्षेत्रफ १ वर्ग मिटर भन्दा कम हुनुहुँदैन ।

ग) अभ्यास शिक्षण सिकाईका लागि उपयुक्त किसिमको कक्षाकोठा र हावा प्रवाह प्रकासको व्यवस्था उपयुक्त उचाई आदिको व्यवस्था हुनुपर्नेछ ।

घ) विद्यार्थीहरुलाई कक्षा कोठामा अध्ययनका लागि स्थानिय परिवेश समेतका आधारमा प्रत्येक विद्यार्थीका लागि फर्निचरको व्यवस्था हुनुपर्नेछ ।

ङ) विद्यालयमा पुस्तकालय प्रयोगशालमा शैक्षिक सामाग्री र स्वास्थयकर खानेपानी, खेलमैदान एवं खेल सामाग्रीको व्यवस्थाको उचित प्रवन्ध हुनुपर्नेछ ।

च) छात्र र छात्राको लागि अलग अलग शौचालयको समुचित व्यवस्था हुनुपर्नेछ ।

छ) कक्षाकोठाहरु सामन्यतः ९ फिट उचाइकाृ घाम तथा पानीबाट वचाउ हुने किसिमको हुनपर्नेछ ।

ज) कक्षागत क्षेत्रफल प्राथमिक विद्यालयको हकमा ०७५ वर्ग मिटर तथा नि.मा.वि. र मा.वि.को हकमा १ वर्गमिटर भन्दा कम हुन नहुने,

झ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्नेछ ।

ञ) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने ।

ट) विद्यार्थीको लागि खेल्ने मैदानको व्यवस्था र खेल सामाग्रीको व्यवस्था हुनुपर्ने

ठ) शिक्षण क्रियाकलापको लागि आवश्यक शैक्षिक सामग्री पाठ्यपुस्तक र सन्दर्भ सामाग्रीको आवश्यक व्यवस्थ हुनुपर्ने ।

ड) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने

ढ) विद्यालयको हाता कम्पाउडले घेरिएको हुनुपर्ने

ण) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामन्यत देहायबमोजिम विद्यार्थी हुनुपर्ने

| | |
|---|---|
| उपत्यका र तराई क्षेत्रमा | ५० जना |
| पहाडी क्षेत्रमा | ४५ जना |
| हिमाली क्षेत्रमा | ४० जना |

विद्यालयलाई आकर्षणको केन्द्र विन्दु बनाउन भौतिक स्रोत साधनहरुको उपलव्धताले बालबालिकाहरुको मस्तिष्कामा गौरवको अनुभुति गराउन सक्छ । यहि अनुभुतिले गर्दा उनीहरुमा पढाई प्रतिको लगावलाई अझ दरिलो रुपले विकसित गराउन सहयोग पुऱ्याउन सक्दछ । त्यसैले सार्वजनिक विद्यालयहरुमा विद्यार्थीहरुको संख्या बढाउन निश्चित रुपले विद्यालय प्रशासनले भौतिक स्रोत साधनलाई उचित किसिमले परिचालन गर्नुपर्दछ । सार्वजनिक विद्यालयको स्थलगत अध्ययन र अवलोकनबाट विद्यालयमा आवश्यकतानुसार भौतिक सुविधाहरुको राम्रै व्यवस्था भएको देखियो । तैपनि अवलोकन गरिएको विद्यालयहरुको भौतिक सुविधा माथि उल्लेखित शिक्षा ऐन २०२८ र शिक्षा सम्वन्धी राष्ट्रिय शिक्षा आयोग २०५९ अनुसार भने सन्तोषजनक देखिएन । ती विद्यालयहरुमा शौचालय व्यवस्थापनमा कमी खानेपानी सुविधाको कमी, विजुली वत्ती तथा पंखा सुविधाको कमी खेलमैदानको अभाव खेल सामग्रीको पुस्तक शैक्षिक सामाग्री आदिको कमी भएको पाइयो । यसरी ती विद्यालयहरुमा भौतिक अवस्थाको प्रभावकारी रुपमा व्यवस्थापन हुन नसक्नुमा सामुदायिक विद्यालयको भौतिक व्यवस्था र पूर्वाधारको लागि आवश्यक वजेटको विनियोजन सरकारबाट उपलव्ध नगराइनु नै हो । यसप्रकारले विद्यालयबो कक्षा कोठा खेलकुद मैदान, फर्निचर पाठ्यपुस्तक, शैक्षिक सामग्री खेल सामग्री आदिको प्रयाप्त व्यवस्था नहुनुमा केवल सरकारी अनुदानमा मात्र विद्यालय संचालन हुनुपर्ने अवस्था रहेको सम्वन्धीत विद्यालयका प्र.अ. हरुको व्यक्त धारणबाट जानकारी प्रापत गरियो । शिक्षकहरुमा शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने सीपको अभाव रहेको पाइयो । जसले गर्दा विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग पनि न्युन मात्रामा भएको र तालिम प्राप्त शिक्षकहरुले पनि आफ्नो

सीपको प्रयोग पूर्णरुपमा नगरेको पाइयो । यी विद्यालयहरुमा खेल्ने खेलमैदानको अवस्थामा पनि कमी रहेको पाइयो ।

### ४.१.२. विद्यालयको शैक्षिक स्थिति विद्यार्थी भर्ना कक्षाको आकार र शिक्षक तथा कर्मचारी व्यवस्थापन अध्ययन

सम्पूर्ण विद्यालयको गतिविधिको निर्धारक त्यस विद्यालयको शैक्षिक स्थिति हुने भएकाले जुनसुकै विद्यालयको शैक्षिक स्थिति हुने भएकाले जुनसुकै विद्यालयले पनि शैक्षिक गुणस्तर उकास्न विशेष जोड दिएको पाइन्छ । विद्यालयको भर्ना नीति कक्षाको आकार र शिक्षक विद्यार्थी अनुपातले शैक्षिक स्थितिवारे वुझ्न सहयोग पुऱ्याउँछ । विद्यालयको सम्बन्धित व्यक्तिहरु र विद्यालयको उपलब्ध तथ्याङ्कको आधारमा विद्यालय शैक्षिक स्थिति, विद्यार्थी भर्ना र शिक्षक तथा कर्मचारी व्यवस्थापन बारे विश्लेषण गरिएको छः

### १. विद्यार्थी भर्ना नीति

छनोट गरिएका पाँचओटा सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी भर्ना गर्ने सन्दर्भमा सामान्य सूचना निकाली विद्यार्थी भर्ना गर्ने प्रचलन रहेको पाइयो । तर साना कक्षाहरुका लगि यस्ता विद्यालयहरुले घरदैलो कार्यक्रम गरी विद्यार्थी बटुल्ने गरेको पाइयो । सामुदायिक विद्यालयहरुले वार्षिक नतिजा प्रकाशन गरेको एकहप्तापछिबाट भर्ना सुरु गर्ने गरेको पाइयो । यी विद्यालयहरुले संस्थागत विद्यालयले जस्तो विज्ञापन गरेर, पर्चा, ब्यानर, बोर्ड झुण्ड्याई आकर्षण देखाएर तथा घर घरमा गई विद्यार्थी बटुल्ने नगरेको पाइयो ।

### २. विद्यार्थी कक्षोन्नति नीति

अध्ययन गरिएका सामुदायिक विद्यालयहरुमा कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्था गरी उदार कक्षोन्नति अपनाइएको पाइयो । जसको आधारमा नियमित रुपमा विद्यार्थी मूल्याङ्कन गरी विद्यार्थीको क्षमतानुसार माथिल्लो कक्षामा लैजाने गरेको पाइयो । माथिल्लो कक्षाहरुमा भने विद्यालयले लिने विभिन्न परीक्षामा विद्यार्थीले ल्याएको नतिजाको आधारमा माथिल्लो कक्षामा लैजाने गरेको पाइयो । यस शैक्षिक सत्रबाट कक्षा

चारसम्म र पछि आधारभूत तहसम्म निरन्तर विद्यालय मूल्याङ्कन प्रणालबाट कक्षोन्नति गर्दै जाने सरकारी नीति रहेको छ ।

### ३. कक्षाको आकार

अध्ययन गर्न छानिएका विद्यालयहरुको कक्षाकोठाको आकार निम्नानुसर रहेको पाइयो । प्राथमिक विद्यालय बालमन्दिर शिखरटोलको कक्षाकोठा ५ ओटाको उचाई करिब ९ फिट र लम्बाई ३६ फिट तथा चौडाई २४ फिट रहेको पाइयो । यी भवन जापान सरकारको सहयोगमा भूकम्प प्रतिरोधात्मक ब्लक हुन् । त्यसैगरी प्राथमिक विद्यालय माझीटार कमलामाई नगरपालिका वडा नं. ७ मा ५ ओटा कक्षाकोठामध्ये २ ओटा पक्की कोठाको लम्बाई ३६ फिट र चौडाई २४ फिट, उचाई झन्डै ९ फिट, कच्ची ३ कोठाको लम्बाई १८ फिट र चौडाई १२ फिट रहेको पाइयो । प्राथमिक विद्यालय फाल्चुरी खट्टार रानीचुरीको कक्षाकोठाको संख्या ६ मध्ये २ ओटा पक्कीको लम्बाई २० फिट र चौडाई १५ फिट, कच्ची कोठा ४ को लम्बाई १८ फिट तथा चौडाई १२ फिट रहेको पाइयो । यसैगरी प्राथमिक विद्यालय तेर्से खड्कुले रानीचुरीको कक्षाकोठा सङ्ख्य छ कच्ची भूकम्प प्रतिरोधात्मक ब्लकको लम्बाई ३० फिट र चौडाई २० फिट रहेको पाइयो । अर्को प्राथमिक विद्यालय शिखरपुर रानीचुरीको ३ कच्ची कोठाको लम्बाई १८ फिट तथा चौडाई १२ फिट रहेको पाइयो । यी विद्यालयहरुमा कक्षाकोठाको सङ्ख्या र आकारमा कमी नभए तापनि भएका कक्षाकोठाको विद्यार्थी सङ्ख्याको कमीले उचित प्रयोग तथा प्रभावकारी व्यवस्थापन नभएको पाइयो । कोठाको सङ्ख्याको अनुपातमा फर्निचरको समेत अभाव रहेको देखियो ।

### ४. शिक्षक तथा कर्मचारीको व्यवस्थापन

विद्यालयको सबैभन्दा प्रमुख सम्पति भनेको त्यहाँ कार्यरत शिक्षक कर्मचारीहरुको र विद्यार्थी एवम् अभिभावकहरुको सन्तुष्टि हो । विद्यालयमा भएका मानव संसाधनहरुको बढी भन्दा बढी उपयोग गरी विद्यालयको लक्ष्य प्राप्त गर्न सकिन्छ । साथै विद्यालयको उपलब्धी भनेको त्यहाँ कार्यरत मानव संसाधनले निर्धारण गरेको कार्य सम्पादनको उद्देश्य प्राप्ति हो । जसका लागि विद्यालयको आफ्ना शिक्षक, कर्मचारीहरुको उत्कृष्ट कार्य सम्पादन सहभागितामूलक कार्य प्रणाली र व्यक्तिगत तथा संस्थागत विकासका लागि उचित वातावरण तयार गरिदिन जरुरी हुन आउँछ, बन्दछ र शिक्षकको सहभागिता अझ बढी

सुदृढ बनाउन सकिन्छ । त्यसैले छनोट गरिएका विद्यालयहरुमा शिक्षक तथा कर्मचारीहरुको व्यवस्थापन अध्ययन गर्दा निम्नानुसार रहेको पाइयो ।

सामुदायिक विद्यालयको शिक्षकका अनुसार विद्यालयले दरबन्दीमा कार्यरत सबै शिक्षकहरुलाई शैक्षिक योग्यता र तह अनुसारको तलव, भत्ता, संचयकोष कट्टी, औषधोपचार, पेन्सन, उपादान, विदा र पोसाक र नियमानुसारका पाउने ग्रेडको समेत व्यवस्था गरी परिश्रमको उचित सम्मान गरेको कुरा बताउनु भएको छ । साथै उहाँहरुको अनुसार अघिल्ला वर्षहरुमा विद्यालयको प्रशासनिक खर्चबाट कट्टा गरी कम पारिश्रमिकमा विद्यालय परिचरको व्यवस्था गरिदै आएकोमा हाल सरकारी स्तरबाट नै मासिक ३५०० को व्यवस्था गरी १-५ कक्षा सञ्चालित विद्यालयमा कार्यालय सहयोगीको रुपमा कर्मचारीको व्यवस्था गरिएको तथा विद्यार्थी अभिभावकबाट कुनै आर्थिक रकम संकलन नगरिएको समेत जानकारी प्राप्त गरियो ।

यसरी सामुदायिक विद्यालयहरुमा सरकारले उपलब्ध गराएको दरबन्दीमा स्थायी/अस्थायी एवम् राहत कोटाको रुपमा शिक्षकहरु नियुक्त भई आउने गरेकाले उनीहरुले नियम अनुसार ग्रेड, भत्ता, तलव, सेवा सुविधा समेतको व्यवस्था गरेको हुँदा त्यहाँ कार्यरत शिक्षकहरु र कार्यालय सहयोगीलाई प्रदान गरिएको पारिश्रमिकले उनीहरुले श्रमको मूल्य प्राप्त गरेको जानकारी प्राप्त गरियो । सामुदायिक विद्यालयमा संस्थागत विद्यालयको जस्तो खटाई धेरै र तलव भत्ता सेवा सुविधा न्यून नरहेको पाइयो ।

### ४.१.३ सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापन र विद्यार्थी सहभागिताको अवस्था

अध्ययन गरिएको विद्यालयमा अभिभावकहरुको प्रतिक्रिया अनुसार विद्यालय एक सामाजिक संस्था हो । विद्यालयले समुदायको आवश्यकता र चाहना पूरा गर्नुपर्दछ । यसका लगि विद्यालयको शैक्षिक वातावरण स्वस्थ्य हुनुपर्दछ । जुन विद्यालयको शैक्षिक वातावरण शुद्ध र स्वस्थ हुन्छ, त्यस्ता विद्यालयमा नै समुदायका प्रत्येक व्यक्तिको चासो र उत्सुकता रहने संस्था नै विद्यालय हो । किनकि विद्यालयले समाज र राष्ट्रका लागि आवश्यक दक्ष नागरिक उतपादन गर्दछ । हरेक समाजले आफ्ना माग र आवश्यकता पूरा गर्नका लागि विद्यालयलाई दायित्व सुम्पेको हुन्छ । अर्कातर्फ राष्ट्रले आफ्नो देशको लागि आवश्यक सबल, सक्षम, असल र कर्तव्यनिष्ठ, इमान्दार दक्ष नागरिक उत्पादन गर्ने अपेक्षा पूरा गर्नका लागि स्थापित संस्था विद्यालयको वातावरण राम्रो हुनु पर्दछ । विद्यालयको वातावरण राम्रो बनाउने

जिम्मेवारी विद्यालयको व्यवस्थापनमा निर्भर हुन्छ । विद्यालयको सबल व्यवस्थापनका लागि विद्यालयमा भएका शिक्षक शिक्षकाहरुलाई नै विद्यालय व्यवस्थापन र विद्यालय संचालनको लागि अभिन्न अंगको मानिन्छ । यदि विद्यालयका शिक्षक शिक्षिकाहरुले आफ्नो कार्य सही तरिकाले पूरा नगरेमा समाज र राष्ट्रले गरेका अपेक्षाहरु जोखिममा पर्ने देखिन्छ । यसका लागि विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरुलाई पूर्ण रुपमा कार्यमा संलग्न गराउनको लागि पूर्ण रुपमा सन्तुष्ट पार्नुपर्ने आवश्यकता देखिन्छ । तसर्थ यसका लागि विभिन्न पक्षबाट उनीहरुलाई प्रोत्साहन गर्न सकिन्छ । तर हाम्रो देशमा विद्यालय शिक्षक, कर्मचारीहरुलाई प्रोत्साहन गर्नुको सट्टामा निरुत्साहित बनाउने वातावरण बनाइदिएको पाइन्छ । उनीहरुलाई तल्लो स्तरको कर्मचारी भनी माथिल्लो तहको कर्मचारी वा जि.शि.का. का कर्मचारीले समेत हेप्ने गरेको समेत पाइन्छ । सामुदायिक विद्यालयको हकमा शिक्षकहरुको पेसाको सुरक्षा र स्तर अनुसारको पारिश्रमिक दिइएकोमा संस्थागत विद्यालयमा जस्तो ढिलासुस्ती नभएको पाइयो । त्यस्तै उनीहरुले सरकारी अनुदानबाट पारिश्रमिक पाउने भएकाले संस्थागत विद्यालयको जस्तो आफ्नो पारिश्रमिकको लागि कसैको मुख ताक्नु पर्ने आवश्यकता नभएको पाइयो । संस्थागत विद्यालयमा विद्यार्थी भर्ना संख्याको आधारमा शिक्षक कर्मचारीको तलव निर्धारण हुन्छ । तसर्थ संस्थागत विद्यालयको शिक्षक तथा कर्मचारीहरु विद्यार्थीको भर्ना संख्या बढाउन बढी सक्रिय भएको पाइयो तर सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरु विद्यालयमा विद्यार्थी संख्या बढाउने कुरामा चासो र सक्रियता नदिएको पाइयो । उनीहरुले विद्यालयमा विद्यार्थी संख्या बढाउनको लागि कुनै अतिरिक्त कार्य नगरेको अध्ययन र अवलोकनबाट थाहा भयो । यसरी सामुदायिक विद्यालयका शिक्षक एवम् कर्मचारीहरुबाट कडा मेहनत गरेर विद्यालयहरुमा विद्यार्थी संख्या बढाउने कार्यमा खासै चासो नदेखाइएको पाइयो ।

सामुदायिक विद्यालयमा अध्यापन गराइने पाठ्यक्रम असल भए तापनि पाठ्यपुस्तक नेपाली माध्यमबाट छापिने र विद्यालयमा पनि नेपाली माध्यमद्वारा शिक्षण गरिने हुनाले अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा पढाउन नचाहेको पाइयो । अभिभावकहरुका अनुसार केवल देश भित्रको शिक्षा लिएर देशभित्र मात्रै प्रतिष्पर्धामा सीमित रहनु राम्रो नरहेको विचार राखेको पाइयो । त्यसैले ती अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई अध्ययन गराउनको लागि पनि संस्थागत विद्यालयको अङ्ग्रेजी

माध्यमद्वारा सञ्चालित विद्यालयमा पढाउन चाहेको पाइयो । त्यस सोचको कारण आज सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्नाको सहभागिता कम हुँदै गइरहेको पाइयो ।

## ४.२ सामुदायिक विद्यालयहरुमा विद्यार्थी सहभागिता कम हुनुको कारणहरु

आजको एक्काइसौं शताब्दीको युग भनेको प्रतिस्पर्धाको युग हो, त्यसैले व्यक्ति यस प्रतिस्पर्धी युगमा सफल हुनका लागि गुणस्तरीय शिक्षा प्राप्त गर्न चाहन्छन् । मानव जाति स्वभावैले अरु प्राणीहरु भन्दा अलि बढी चेतनास्तरको विकास गर्न र अलि बढी बौद्धिक क्षमताको अभिवृद्धि गर्न ऊ विवेकशील प्राणी हो, त्यसैले उसले आफ्नो ज्ञानलाई उच्च राख्नका लागि हरेक क्षण प्रयत्नशील रहेको हुन्छ ।

मानव जातिको चाहना, इच्छा, आकांक्ष असीमित हुन्छन् । यी इच्छा, चाहना, आकांक्षा समयको प्रभावसँगै परिवर्तन हुँदै जाँदा र यसै प्रभावसँगै मानवजातिले शिक्षा खोजिरहेको पनि हुन्छ । समयको चाहनाअनुसार ज्ञान, सीप, धारणा प्रदान गर्न नै शिक्षा हो । यसका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तक पनि परिवर्तन र परिमार्जन गर्दै जानु पर्दछ ।
हाम्रो देशमा रहेको सामुदायिक विद्यालयहरु समयको माग अनुसार शिक्षाको आवश्यकता पूर्ति गर्न असक्षम भएकाले आजको अभिभावकहरु संस्थागत विद्यालयहरुमा आकर्षित भएको पाइन्छ । सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको तलव, भत्ता, ग्रेड र सेवा सुविधाहरु सबै सरकारी अनुदानबाट प्राप्त हुने भएकाले सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुबाट शुल्क उठाउन जरुरत पर्दैन । यही निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक आदि कारणले समुदायका अभिभावकहरुमा एउटा नकारात्मक भावनाको विकास भएको पाइयो । उनीहरुको भनाई अनुसार 'निःशुल्क शिक्षा गुणस्तरहीन हुन्छ' भन्ने धारणा राखेको पाइयो । जसको कारण हुनेखाने परिवारका अभिभावकहरुले आफ्ना बालबालिकाहरु सामुदायिक विद्यालयमा पढाउन चाहेको पाइएन । अर्कोतर्फ हाम्रो समाजमा आफ्नो बालबालिकाहरुलाई संस्थागत विद्यालयमा पढाउँदा इज्जत र प्रतिष्ठा बढ्ने र निःशुल्क शिक्षा लिएर सामुदायिक विद्यालयमा पढाउँदा इज्जत, मान, प्रतिष्ठा आदिमा दाग लाग्ने जस्ता संकुचित धारणाको विकास भएकाले सामुदायिक विद्यालयमा विद्यार्थीहरुको भर्ना सहभागिता पनि कम हुँदै गइरहेको पाइन्छ ।

आजका अशिक्षित अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई स्वदेशमा भन्दा विदेशमा पढाउन उत्सुक भएको पाइयो । त्यसैले ती अभिभावकहरु अङ्ग्रेजी माध्यमद्वारा सञ्चालित संस्थागत विद्यालयमा पढाउन चाहने गरेको पाइयो । अर्कोतर्फ संसारका प्रसिद्ध पुस्तकहरु र संसारका महत्वपूर्ण विचारहरु पनि अङ्ग्रेजी माध्यमबाटै छापिने र अङ्ग्रेजी माध्यमबाटै अध्यापन गराई विश्व परिवेशसँग परिचित गराउन चाहेको पाइयो । त्यसैले यी चाहनाका कारण अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई संस्थागत विद्यालयमा भर्ना गर्न उत्सुक भएको पाइयो ।

सामुदायिक विद्यालयका शिक्षकहरु विद्यालय शिक्षामा दत्तचित्त भई लागी परेर आफ्ना विद्यालयको पढाइमा ध्यान दिनुभन्दा राजनैतिक पार्टीमा संलग्न हुनु, अधिकांश समय आफ्नो घरायसी काममा ध्यान दिनु, आफ्नो व्यापार व्यवसाय सञ्चालन गर्ने र फस्टाउन सक्रिय रहनु र अरु काममा ध्यान दिनु जस्ता कारणहरुले सामुदायिक विद्यालयको शिक्षा कमजोर हुने गरेको पाइयो ।

संस्थागत विद्यालयको नतिजा अन्य सरकारी विद्यालयभन्दा धेरैजसो राम्रो आउने गरेको पाइयो । यसो हुनुमा संस्थागत विद्यालयहरुमा शिक्षकहरु कडा परिश्रम गरी विद्यार्थीहरुलाई सबै विषयहरुमा दक्षा बनाउने भएको, अध्ययनबाट थाहा भयो । र सोही अनुसारको विद्यालयको आम्दानी पनि वृद्धि हुने र शिक्षकको पारिश्रमिक वृद्धि गर्न सकिने भन्ने कुराले प्रेरित गरेको अध्ययान अवलोकनबाट थाहा भयो । यसरी राम्रो नतिजा ल्याउनको लागि यस्ता विद्यालयका शिक्षकहरु कडा मेहनतका साथ लागी परेको पाइयो । तर सामुदायिक विद्यालयका शिक्षकहरुलाई विद्यार्थी सङ्ख्या बढाउने कुराको कुनै चासो नरहेको पाइयो । जसलाई बुँदागत रुपबाट अझै स्पष्ट पारिएको छः

१. सामुदायिक विद्यालयको सञ्चाल समुदायका व्यक्तिहरुबाट हुनुपर्ने हो, अर्थात समुदायका व्यक्तिहरुको विशेष छलफल तथाबैठकहरुबाट विद्यालयको शैषिक गुणस्तर अभिवृद्धि गर्नुपर्ने हो । तर यसको विपरीत ती व्यक्तिहरु विद्यालयको गतिविधिबारे कुनैपनि प्रकारको चासो र उत्सुकता नदेखाउने गरेको पाइयो । जसले गर्दा ती सामुदायिक विद्यालयहरुको शैषिक अवस्था निरन्तर कमजोर भइरहेको पाइयो । यही कमजोर शैक्षिक अवस्थाले गर्दा सामुदायिक विद्यालयहरुमा अनाकर्षित भइरहेको पाइयो ।

२. सामुदायिक विद्यालयका प्रधानाध्यापक संस्थागत विद्यालयको जस्तो विद्यालयमा खासै समय नदिने गरेको साथै उच्च शैक्षिक उपलब्धी प्राप्ति गर्नेतर्फ पनि खासै ध्यान नदिने गरेको कारण सामुदायिक विद्यालयको शैषिक अवस्था खस्कदै गइरहेको पाइयो । जसको कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या कम हुँदै गइरहेको पाइयो ।

३. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई प्रदान गरिने सेवा, सुविधा सन्तोषजनक रहे तापनि उनीहरु आफ्नो दायित्व तथा कर्तव्यबोध प्रति चासो नदिने गरेको कारण विद्यालयको शैषिक अवस्था कमजोर बन्दै गइरहेको पाइयो । यही कजमोरीका कारण विद्यार्थीहरु सामुदायिक विद्यालयहरुमा भर्ना हुन अप्ठ्यारो मान्ने गरेको पाइयो ।

४. सामुदायिक विद्यालयका शिक्षक शैक्षिकस्तर वृद्धितर्फ भन्दा अनावश्यक राजनीतिक तर्क-वितर्कमा बढी समय बिताउने गरेको पाइयो । ती शिक्षकहरुलाई नियन्त्रण तथा अनुगमनका लागि कुनै जिम्मेवार निकाय नभएको कारण शिक्षकहरु झन् उत्तरदायित्वहीन, कर्तव्यहीन र जिम्मेवारीहीन भइरहेको पाइयो । यसै कारण सामुदायिक विद्यालयको शिक्षा झन् कमजोर बन्दै गएको र गुणस्तर खस्कदै गएको पाइयो ।

५. सामुदायिक विद्यालयमा जाने विद्यार्थीहरुका अभिभावकको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्था निकै कमजोर भएकोले विद्यालय भर्नामा अभिभावकहरुले त्यति चासो नदेखाएको पाइयो ।

६. सामुदायिक विद्यालयहरुमा अभिभावकहरुको प्रत्यक्ष लगानी नपर्ने, अभिभावकहरु स्वयम्ले पनि आफ्नो बालबालिकाहरुको शिक्षाप्रति लापरवाही गरेको पाइयो । यही लापरवाहीले गर्दा विद्यालयको गुणस्तर खस्कदै गइरहेको र समाजमा नराम्रो छाप पर्ने गरेकोले समुदायमा सामुदायिक विद्यालयले अभिभावकहरुलाई आकर्षण गर्न नसकिरहेको पाइयो ।

७. अहिलेका अभिभावकहरु आफ्नो बालबालिकाहरुलाई अङ्ग्रेजी भाषामा पोख्त बनाई विदेशमा वैदेशिक शिक्षा हासिल गराउन चाहन्छन् । यसरी अङ्ग्रेजी माध्यमद्वारा शिक्षा हासिल गराउन उनीहरु संस्थाग विद्यालयमा आफ्ना बालबालिकाहरुलाई भनी

गरेको पाइयो । यही भाषाको कारणले सामुदायिक विद्यालयमा विद्यार्थीहरुको भर्ना सङ्ख्या कम हुँदै गइरहेको पाइयो ।

८. भर्ना हुने समयमा सामुदायिक विद्यालयमा शिक्षकहरु संस्थागत विद्यालयका शिक्षकहरुजस्तो विद्यार्थी बटुल्ने कार्यमा सक्रिय नरहेको पाइयो । यसरी सामुदायिक विद्यालयका शिक्षकहरु भर्ना हुने समयमा भर्ना कार्यक्रम तथा घरदैलो कार्यक्रममा सक्रिय नहुँदा सामुदायिक विद्यालयमा विद्यार्थीहरुको चाप वा सहभागिता कम हुँदै गइरहेको पाइयो ।

९. सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्रदान गरिने मासिक पारिश्रमिक अलि ढिलो प्रदान गरिने (चौमासिक रुपमा) भएको कारण आफ्नो जिवीकोपार्जनको लागि शिक्षकहरुले अन्य वैकल्पिक आयस्रोतको आयहरुको खोजी गर्नुपर्ने अवस्था सिर्जना भएको कारणले पनि शिक्षकहरुले सामुदायिक विद्यालयमा पूर्ण क्रियाशील भएर लाग्न नसकेको पाइयो ।

यसरी अभिभावकहरुको विद्यालयप्रतिको हेराई विद्यार्थीहरुको चाहना, शिक्षक कर्मचारीहरुको विभिन्न कमीकमजोरी तथा अन्य विविधि कारणहरुले गर्दा सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिता बढाउन नसकिएको अवस्था छ, जसलाई निम्न बुँदाहरुमा उल्लेख गरी प्रष्ट पारिएको छः

१. आजका शिक्षित अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई विश्व शिक्षासँग परिचित गराउन अङ्ग्रेजी माध्यमद्वारा अध्ययन गराउन चाहन्छन् र अङ्ग्रेजीमा पोख्त बनाउन चाहन्छन् । त्यस चाहनालाई पूरा गर्न संस्थागत विद्यालयमा भर्ना हुन जान्छन् । त्यसैले ती अभिभावहरु सामुदायिक भन्दा संस्थागत विद्यालयमा आफ्ना बालबालिकाहरुलाई भर्ना गराउने मनसाय भएको देखियो । यसै माध्यमको कारणले सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सङ्ख्या बढाउन कठिनाई रहेको पाइयो ।

२. विद्यालयको भौतिक व्यवस्थाले विद्यार्थी तथा अभिभावकहरुको आकर्षणमा प्रत्यक्ष असर पर्दछ । राम्रो भौतिक सुविधा भएको विद्यालयमा विद्यार्थी भर्ना हुन चाहेको पाइन्छ । नराम्रो भौतिक संरचना भएको विद्यालयमा विद्यार्थीहरु भर्ना हुन नचाहेको पाइयो । त्यसैले सामुदायिक विद्यालयमा भौतिक सुविधा निर्माण गर्न यथेष्ट मात्रामा बजेटको अभाव हुने भएकाले राम्रे भौतिक सुविधाको निर्माण र व्यवस्थापन गर्न

समस्या रहेको पाइयो । यही कारणले गर्दा सामुदायिक विद्यालयमा विद्यार्थीको भर्ना सहभागिता बढाउन वा संख्याको चाप वृद्धि गर्न गराउन समस्या भइरहेको पाइयो ।

३. समाजको चाहनाअनुसार पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन गर्दै जानु पर्दछ । यसको लागि निजी संस्थागत विद्यालयले समयानुकूल परिवर्तन गर्न सकेका पाइयो । तर सामुदायिक विद्यालयको हकमा विभिन्न तहसम्म छलफल, बहस र अन्तर्क्रिया गर्नुपर्ने भएकोले धेरै समयसम्म पनि पुरानै पाठ्यक्रमले काम चलाउनु पर्ने अवस्था रहेको पाइन्छ । त्यसले विद्यार्थीहरुलाई समयानुकूल पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु उपलब्ध गराउन नसकेकोले अभिभावकहरु आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भन्दा निजी संस्थागत विद्यालयमा भर्ना गर्ने गरेको पाइयो । यसरी सामुदायिक विद्यालयले आफ्नो आवश्यकतानुसार र समाजको आवश्यकतानुसार पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु परिवर्तन गर्नु भन्दा राज्यले तोकेको पाठ्यक्रममा मात्र सीमित रहनाले सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्याको वृद्धि गर्न वा सहभागिता बढाउन समस्या रहेको पाइयो ।

४. न्यून एवम् कमजोर आर्थिक अवस्थाभन्दा भएका विद्यार्थीहरुलाई विद्यालय प्रशासनले उचित छात्रवृत्तिको व्यवस्था गर्न राज्यद्वारा प्रदान गरिउको रकममा मात्र सीमित रहनु पनि सामुदायिक विद्यलयमा कम आर्थिक अवस्था भएका बालबालिकाहरुलाई भर्ना गराउन असमर्थ भइरहेको पाइयो । सामुदायिक विद्यालयमा समयको माग अनुसार कम्प्युटर र सूचना प्रविधि सम्बन्धी शिक्षाको व्यवस्था नभएकोले समुदायका शिक्षित वर्गहरु आफ्ना बालबालिकाहरुलाई संस्थागत विद्यालयमा भर्ना गर्न रुचाउने गरेको पाइयो ।

५. सामुदायिक विद्यालयको व्यवस्थापन समिति बढी राजनीतिक तर्फ केन्द्रित रही निर्णय गर्ने तथा दलीय हिसाबले योजना बनाउने जस्ता कुराहरुलाई बढी प्राथमिकता दिने गरेको पाइन्छ । जसको कारण सामुदायिक विद्यालयको शैक्षिक अवस्था कमजोर हुँदै गइरहेको र विद्यार्थी भर्ना सहभागिता वृद्धि गर्न नसकेको अवस्था रहेको छ ।

६. सामुदायिक विद्यालयका शिक्षकहरुलाई सरुवा र बढुवा गर्दा न्यायिक र समानताको आधारमा नभई चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, भ्रष्टाचार र राजनैतिक आस्थाका आधारमा गरिने गरिएकाले पनि सामुदायिक विद्यालयका धेरै शिक्षकहरु

निरुत्साहित भएको पाइयो । ती शिक्षकहरु विद्यालय शिक्षणमा सक्रियतापूर्वक सहभागी हुनुपर्नेमा सो अनुसारको सहभागिता नरहने हुनाले पनि विद्यालय शिक्षाको अवस्था कमजोर बन्दै गइरहेको पाइयो । यसरी विद्यालयको कमजोर शैक्षिक अवस्थाले विद्यार्थीहरुलाई भर्ना प्रक्रियामा आकर्षण गर्न नसकिएको पाइयो ।

**४.३ समाधानका उपायहरु**

कुनैपनि संगठनले सफलता प्राप्त गर्नको लागि त्यस संगठनमा रहेको समस्याहरुलाई उचित किसिमले अध्ययन गरी सोही अनुसारको समाधानका उपायहरु निकाली उचित किसिमको कार्यान्वयन गर्दै जानु पर्दछ । विद्यालय पनि एक शैक्षिक संगठन हो । त्यसैले यसको सफलताको लागि आन्तरिक तथा बाह्य तत्वहरुलाई सूक्ष्म अध्ययन गरी उचित किसिमले समाधानका उपायहरु खोज गर्ने तफ ध्यान दि पर्दछ । विद्यालय भनेको बालबालिकाहरुलाई उचित शिषा प्दान गरी भविष्यको कर्णधार बनाने थलो हो, जहाँ राष्ट्रले राष्ट्र बनाउनको लागि लगानी गरेको हुन्छ । तसर्थ, विद्यालयले राष्ट्रको चाहनालाई पुरा गर्न सदैव लागी परिरहनु वा सक्रिय रहनु पर्दछ । तर अहिलेको वर्तमान परिवेशलाई हेर्दा सामुदायिक विद्यालयमा विविध कारणले गर्दा विद्यार्थी घट्दै गइरहेको छन् । यसको लागि सामुदायिक विद्यालयले द्यिालयको गहन अध्ययन गरी समाधानका उपायहर खोज गर्नु पर्दछ । यदि त्यसो नगरेमा राष्ट्रले गरेको लगानी औचित्यहीन सावित हुन सक्छ र राष्ट्रले चाहेको शैक्षिक उद्देश्य र राष्ट्रले चाहेको विकास पूरा नहुन सक्छ ।

१. शैक्षिक सत्र सुरु हुने समयभन्दा ठीक १५ दिन अगाडिदेखि नै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक कर्मचारीहरुको संयुक्त प्रयासमा भर्ना अभियानसम्बन्धी घरदैलो कार्यक्रम सञ्चालन गरी विद्यार्थी भर्ना सहभागिता बढाउने अभियान कार्यक्रमलाई सक्रिय रुपले अगाडि बढाउनु पर्ने देखिन्छ ।

२. समाजको माग र चाहनाअनुसारको शिक्षा प्रदान गर्न जोड दिने र वृहत अभिभावक भेला गरी सहमती जनाउनु पर्ने ।

३. सामुदायिक विद्यालयमा विद्यार्थीको सहभागिता वृद्धि गर्नको लागि भौतिक अवस्था सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ । यसको लागि सामुदायिक विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ र शिक्षक कर्मचारीहरुको सहभागितामा आर्थिक स.कलन गरी आधुनिक किसिमको भवन, कक्षाकोठा,

फर्निचर, उचित खेलमैदान  राम्रो शौचालय एवम् पिउने पानीको व्यवस्था गर्नुपर्दछ ।

४. प्रधानाध्यापकले शिक्षकहरुको नियमित उपस्थिति समय तालिकाअनुसारको कक्षा शिक्षणको प्रवेश र विद्यालय सुरु हुने समयमा सम्पूर्ण विद्यार्थी-शिक्षक कक्षा शिक्षकको प्रवेश र विद्यालय सुरु हुने समयमा सम्पूर्ण विद्यार्थी, शिक्षक र कर्मचारीहरुलाई समयमै आगमनको निर्देश  र कार्यान्वयन गराउनु पर्ने ।

५. प्रधानाध्यापकले विद्यार्थीहरुको शैक्षिक गुणस्तर जाँच गर्न नियमित रुपले अवलाकेन गर्ने, यदि कुनै विषयमा कमजोर भएमा अध्यापन र्गे शिक्षकसँग छलफल गरी यथार्थ अवस्था पत्ता लगाउने र सोही अनुसारको पृष्ठपोषण गर्न गराउन लगाउनु पर्ने ।

६. समय-समयमा स्टाफ बैठक बसी एक आपसको कमीकमजोरीलाई सुधार गर्न आत्माआलोचना गर्ने व्यवस्था गर्नुपर्ने र एकआपसको कमीकमजोरीलाई हटाई शिक्षकहरुलाई सक्रिय रुपले शिक्षण गर्न वातावरण तयार गर्नुपर्ने ।

७. विद्यार्थीको पढाइप्रति चिन्तनशील र इमान्दार शिक्षकहरुलाई प्रोत्साहन गर्न विद्यालय प्रशासनले उचित पुरस्कारको व्यवस्था गर्नुपर्ने, यसको लागि विद्यालय प्रधानाध्यापकले विद्यार्थीहरुसँग सोधपुछ गरी त्यस्ता शिक्षकको सम्बन्धमा जानकारी प्राप्त गर्ने र सोही अनुसारको निष्पक्षा ढंगले मूल्यांकन गरी पुरस्कार प्रशंसा पत्र एवम् सम्मानको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

८. समय समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी प्राप्त नतिजाको आधारमा सम्बन्धित विद्यार्थीहरुलाई तत्कालै पुरस्कार वितरण गरिदा विद्यार्थीहरुमा हौसला, प्रतिस्पर्धा बढ्न गई शैक्षिक गुणस्तर वृद्धि हुने तथा विद्यार्थीको उपस्थिति सहभागिता बढ्ने सम्भावना रहन्छ ।

९. विद्यार्थीको प्रगति र अवनति बारे नियमित रुपले सम्बन्धित अभिभावकहरुसँग सम्पर्क गरी जानकारी गराई राख्ने, यसरी जानकारी गराउँदा विद्यालयलाई एउटा जिम्मेवार निकायको रुपमा विकसित गराई विद्यालय अभिभावकबीच सम्बन्ध अभिवृद्धि गराउन सकिन्छ । यही सम्बन्धको कारणले विद्यालयमा विद्यार्थी बढाउन सकिन्छ ।

१०. विद्यालयक्षेत्रभि र विद्यालयको समयमा शिक्षकहरुले राजनैतिक बहस, धुम्रपान, मदिरासेवन आदि जस्ता कार्यहरु गर्न नपाइने जस्ता आचारसंहिता बनाउनु पर्दछ ।

११. अङ्ग्रेजी माध्यमबाट पठनपाठन कार्यको सञ्चालन गरिनु पर्ने, साथै थप अतिरिक्त अङ्ग्रेजी विषय पनि समावेश गरिनु पर्ने ।

१२. निजी विद्यालय र सामुदायिक विद्यालयको पाठ्यपुस्तक समान गरिने पर्दछ ।

१३. शिक्षकहरुलाई बढुवा गर्दा चाकडी, चाप्लुसी, नातावाद, कृपावाद र राजनैनिक आस्था जस्ता आधारमा नभई उसले गरेको काम योग्यता, क्षमता, सक्षमता, अनुभव र तालिमको आधारमा बढुवा, घटुवा, पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्दछ ।

१४. सामुदायिक विद्यालयहरुमा कम्प्युटर र सूचना प्रविधि सम्बन्धी शिक्षाको व्यवस्था गरिदै जानु पर्दछ ।

१५. निजी विद्यालयले भर्ना हुने समय शैक्षिक सत्र सुरु हुनुभन्दा एक दुई महिना अगाडि देखि नै प्रचारप्रसार गर्ने अभिभावकमा सक्रिय हुन्छन् तर सामुदायिक विद्यालयले भने भर्ना हुने समयमा अर्थात् शैक्षिक सत्र सुरु हुँदा समेत पनि कुनै प्रचार प्रसारको गतिवधि सञ्चालन गरिएको पाइँदैन । तसर्थ एक दुई महिना अगाडि देखि नै विद्यालय भर्नामा सक्रिय रुपले जुट्नु पर्ने हुन्छ ।

१६. सामुदायिक विद्यालय भनेको सरकारी बजेटद्वारा सञ्चालित विद्यालय हो, जहाँ निःशुल्क शिक्षा प्रदान गरिन्छ । सामुदायिक विद्यालय राष्ट्रले, राष्ट्रको लागि, राष्ट्रिय जनशक्ति निर्माणका लागि र देशका सम्पूर्ण मानिसहरुलाई शिक्षित बनाउने भन्ने उद्देश्यले स्थापित सामाजिक संस्था हो । हाल देशमा निजी संस्थागत विद्यालयको लहरले त्यस्ता सामुदायिक विद्यालयहरु विद्यार्थी नभएर बन्द हुने तथा अर्कोमा गाभ्नु पर्ने अवस्थामा पुगेका छन् । यसले गर्दा ती सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या दिनानुदिन घटिरहेको छ । यसको लागि विभिन्न माध्यमबाट सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी विद्यार्थीहरुको सहभागिता अभिवृद्धि गरिनु पर्दछ ।

१७. सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा विशेष गरी राजनैतिक दलहरुको प्रभावमा विद्यालय व्यवस्थापन समिति गठन हुने र ती समितिका सदस्यहरु आफ्नो दल नजिक रहेका शिक्षकहरुलाई अवसर प्राप्तिमा महत्व दिने, सुरक्षा दिने र राजनैतिक चासो देखाएको पाइयो । साथै ती विद्यालयका व्यवस्थापन समितिका सदस्यहरु, विद्यालयमा कार्यरत शिक्षकहरुलाई राजनैतिक आस्थाका आधारमा विभेद गर्ने गरेको पाइयो । यस प्रकारको विभेद व्यवहारले गर्दा विद्यालयमा कार्यरत

शिक्षकहरुको जोश, उमङ्ग र जाँगरमा ह्रास आउने गरेको पाइयो । जसले गर्दा विद्यालयलाई जन् प्रकारले गति दिनु पर्ने हो, त्यो दिन नसकिरहेको पाइएकोले राजनीतिक विभेदको निराकरण गर्नुपर्ने हुन्छ ।

१८. विद्यालय शिक्षामा बदमासी गर्ने शिक्षकहरुलाई अनुगमन था मूल्यांकन गर्ने कुनै प्रभावकारी जिम्मेवार निकाय नभएकोले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउन नसकिएको पाइयो । जसको कारण विद्यार्थी भर्नामा प्रत्यक्ष परेको पाइयो । तसर्थ प्रभावकारी नियन्त्रण मूल्यांकन गर्ने जिम्मेवार निकायको व्यवस्था हुनुपर्ने ।

१९. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको तलव, भत्ता र सरकारी अनुदानलाई क्रियाशील बनाइनु पर्दछ । यसबाट नै शैक्षिक गुणस्तर वृद्धि गर्न सकिन्छ । सामुदायिक विद्यालयका अधिकांश प्रधानाध्यापकहरु विद्यालयको संयन्त्र चुस्त र दुरुस्त बनाउने तर्फ ध्यान नदिएको पाइयो । त्यसकारण गुणस्तर अभिवृद्धि गर्नको लागि ध्यान दिनु पर्दछ ।

यसरी विद्यालयले जबसम्म विद्यार्थी संख्या बढाउन आइपरेका समस्याहरुलाई विश्लेषण गरी समाधानका उपायहरु कार्यान्वयन गर्दैनन् तबसम्म विद्यालयले विद्यार्थीको सहभागिता बढाउन राखेको उद्देश्य पूरा हुन सक्दैन । त्यसैले सामुदायिक विद्यालयहरुले विभिन्न उपायहरुको विश्लेषण र मूल्यंकन गरी विद्यार्थी संख्याको सहभागिता अभिवृद्धि गर्ने प्रयास गर्नुपर्दछ ।

# परिच्छेद पाँच

# प्राप्तिहरु, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

अध्ययनका क्रममा उपलब्ध भएका तथ्यहरु सरोकारवालाहरुसँगको साक्षात्कार एवम् भेटघाट, छलफलबाट प्ाप्त तथ्याङ्कहरुको विश्लेषण गर्दा यस अध्ययनमा निम्न प्राप्तिहरु पाइयो :

१. अध्ययन गरिएको सामुदायिक विद्यालयहरुमा तल्लो तहमा भन्दा माथिल्लो तहका कक्षाहरुमा विद्यार्थीहरुको संख्या कम रहेको पाइयो ।

२. अध्ययनको लागि छनोट गरिउका विद्यालयहरुका भवन, कक्षाकोठा राम्रो अवस्थाका भएपनि शैक्षिक सामग्री, व्यवस्थित शौचालय, स्वच्छ पिउने पानी, खेलमैदान, खेल सामग्री, पुस्तकालय, अतिरिक्त क्रियाकलापका सामग्र, फर्निचरको सुविधा, बिजुली बत्ती, टेलिफोन आदिको कमी रहेको पाइयो ।

३. विद्यालयहरुमा अनिवार्य अङ्ग्रेजी र ऐच्छिक अङ्ग्रेजी गरी २०० पूर्णाङ्कको शिक्षण गर्ने गरेको पाइयो ।

४. अध्ययन गरिएका विद्यालयहरुमा कूल विद्यार्थी भर्ना सङ्ख्या निरन्तर घट्दै गइरहेको पाइयो ।

५. शिक्षा नियमावलीअनुसार व्यवस्था भएको प्रतिकक्षा विद्यार्थी तराई र काठमाडौं उपत्यकामा ५० जना, पहाडमा ४५ जना र हिमाली क्षेत्रमा ४० जना बराबर हुनु पर्नेमा अध्ययन गरिएका ती विद्यालयमा मापदण्ड अनुसारका विद्यार्थी संख्या निर्क कम रहेको पाइयो ।

६. सामुदायिक विद्यालयमा शिषकहरु नयाँ शैषिक सत्रको सुरु भर्ना हुने समयमा संस्थागत विद्यालयको जस्तो घरदैलो कार्यक्रम गरी विद्यार्थी सहभागिता बढाउने कार्यमा खासै प्र्यास नगरेको पाइयो ।

७. सामुदायिक विद्यालयमा भर्ना हुन आउने विद्यार्थीहरुको आर्थिक अवस्था निकै नै कमजोर रहेको पाइयो ।

८. समुदायमा संस्थागत विद्यालयहरुको संख्या वर्षेनी बढ्दै गइरहेको पाइयो ।

९. सामुदायिक विद्यालयहरुमा खटिई आउने स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरु विद्यालय शैक्षिक गुणस्तर सुधार गर्न शिक्षकहरुलाई प्राविधिक ज्ञान, सीप र धारणा

जस्ता प्राविधिक कार्यमा सहयोग गर्नुभन्दा प्रशासनिक कार्यलाई मात्र महत्व दिइएको पाइयो ।

१०. सामुदायि विद्यालयमा समयको माग अनुसार पठा्यक्रम तथा पाठ्यपुस्क परिमार्जन नगरी राज्यले तोकेको मात्र पाठ्यक्रममा सीमित रहने गरेकोले अभिभावकहरुले आफ्ना बालबच्चालाई संस्थागत विद्यालयमा पढाउन आकर्षित हुने गरेको पाइयो ।

११. संस्थागत विद्यालयमा आफ्ना बालबालिकाहरु भर्ना गराउने अभिभावकहरुको इज्जत, प्रतिष्ठा, मानसम्मान रहने जस्ता सोचाइहरु अभिभावकहरुको मनमा रहेको पाइयो ।

१२. शिक्षित अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई स्वदेशमाभन्दा विदेशमा पढाउन उत्सुक भएकाले ती अभिभावक आफ्ना बालबालिकाहरुलाई अङ्ग्रेजी माध्यमद्वारा संस्थागत विद्यालयमा पढाउने चाहना गरेको पाइयो । यस्ता चाहनाका कारण सामुदायिक विद्यालयहरुमा आफ्ना बालबालिकाहरुलार्य पढ्न नपठाउँदा भर्ना संख्या बढाउन समस्या परेको पाइयो ।

१३. समुदायका अभिभावकहरु विद्यालयको गुणस्तर अभिवृद्धि गर्नका लागि लागीपर्नु पर्ने हो, तर त्यसो नभएको पाइयो । जसको कारण सामुदायिक विद्यालयहरुमा स्थानीय सहभागिता र निगरानीको अभाव हुने र शिक्षकहरु आफ्नो जिम्मेवारीबाट टाढिने र गुणस्तर खस्किदै जाने एवम् विद्यार्थीको सहभागिता संख्या घट्दै जाने गरेको पाइयो ।

१४. सामुदायिक विद्यालयमा अभिभावकहरुको प्रत्यक्ष लगानी नपर्ने, अभिभावहरु स्वयम्ले आफ्ना बालबालिकाहरुको शिक्षाप्रतिको लापरवाही गर्ने गरेकोले विद्यालयको गुणस्तर खस्कदै गएको र समुदायमा सामुदायिक विद्यालयले अभिभावकहरुलाई आकर्षण गर्न नसकिरहेको पाइयो ।

## ५.२ निष्कर्ष

शोधकार्यको क्रममा खोज र अनुसन्धानबाट प्राप्त तथ्याङ्कले सम्बन्धित क्षेत्रमा रहेको वास्तविकतालाई बाहिर ल्याउन सहयोग पुऱ्याउँछ । हाम्रो देशमा दुई प्रकारका विद्यालय सञ्चालित छन् । एउटा सामुदायिक वा सार्वजनिक विद्यालय जुन सरकारी अनुदानबाट सञ्चालन भएको अवस्था छ भने अर्को संस्थागत विद्यालय जुन निजी लगानीबाट सञ्चालन भएका छन् । विद्यालय जुन प्रकारबाट सञ्चालन भए तापनि दुबैको उद्देश्य गुणस्तरीय शिक्षा प्रदान गर्नु हो । विद्यालय भनेको शिक्षा प्रदान गर्ने औपचारिक

संस्था हो । जुन समाजमा स्थापना गरिएका हुन्छन् । विद्यालय समाजको माग र आवश्यकतालाई समेत ध्यानमा राखी लगानी र समयको सही सदुपयोग गर्नुपर्ने दायित्व लिई अघि बढेको हुन्छ । शिक्षामा गरेको लगानीको प्तिफल धेरै समयपछि मात्र प्राप्त हुन्छ । शिक्षामा गरेको लगानीको प्रतिफलको आशामा रहेका अभिभावकहरुलाई पूर्ण रुपमा सन्तोष हुने खालको शिक्षा विद्यालयले प्रदान गर्नुपर्दछ । विद्यालय र विद्यालय शिक्षाप्रति सकारात्मक सोच प्रदान गर्नको लागि विद्यालयसँग सम्बन्धित हरेक पक्ष उत्तिकै सजग रहनु पर्दछ ।

शिक्षा क्षेत्र त्यस्तो वृहत र गहकिलो क्षेत्र हो, जहाँ समाजको हरेक पक्ष गाँसिएको हुन्छ । अझ भन्ने हो भने एउटा बालकलाई सक्षम मान्छे बनाउने काम शिक्षाले नै गर्दछ । यस्तो शिक्षाको क्षेत्रलाई एउटा स्वच्छ वातावरणमा हुर्कने अवसर दिनु हामी सबैको कर्तव्य हुन आउँछ । हाम्रो देशमा ग्रामीण समुदायको हावी भएको अवस्था छ । उनीहरुको आर्थिक अवस्था कमजोर छ । उनीहरुमाथि सामाजिक दबाब छ । निरक्षरताले जरो गाडेको छ । उनीहरु यस्तो दबाब स्थितिबाट समुदायलाई बाहिर ल्याउनको लागि उनीहरुलाई निःशुलक शिक्षामा पहुँच पुऱ्याउन सक्नु पर्दछ । हामो देशमा भएका सामुदायिक र संस्थागत विद्यालयहरु नै अध्ययन क्षेत्रको औपचारिक संस्था हुन् । यसरी हेर्दा यी दुई प्रकारका विद्यालयमा भएका सम्पूर्ण पक्षलाई व्यवस्थित रुपमा सञ्चालन गरिनु पर्दछ । सामुदायिक विद्यालयको शैक्षिक स्थितिको अवस्था नाजुक र दयनीय छ । विद्यालयलाई समुदायको सहयाग एकदमै कम भएको पाइयो ।

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकहरु आफ्ना बालबालिकाको शैक्षिक स्थिति थाहा पाउनका लागि विद्यालयसम्म जाने फुर्सद नहुने र उनीहरुमा शिक्षासम्बन्धी चेतना नभएको पाइयो । यस्तो विद्यालयका शिक्षकहरु सरकारी अनुदानबाट तलव, भत्ता, सेवा सुविधा पाउने भएकाले विद्यालयको शैषिक गुणस्तर र नतिजा राम्रो बनाउने एवम् विद्यार्थी सहभागिता वृद्धि गर्नेतर्फ खासै ध्यान दिइएको पाइएन । यस्ता विद्यालयहरुमा प्रायजसो गरिब एवम् विपन्न वर्गका परिवारका बालबालिकाहरु पढ्न आउने र तिनका अभिभावकहरुलाई शिक्षकरुले खासै महत्व नदिएको पाइयो । यस किसिमका विद्यालयहरुमा सरकारी अनुदान नै मुख्य आम्दानीको स्रोत भएको पाइयो । र यस्तो आम्दानीको स्रोत तव, भत्तामा नै जाने र थोरै मात्र रकम अन्य शैक्षिक गतिविधिमा खर्च हुने गरेको देखियो । सामुदायिक विद्यालयबाट पाउनु पने शैक्षिक गुणस्तर कमजोर हुँदै

गइरहेकाले समुदायका अभिभावकहरु सामुदायिक भन्दा संस्थागत विद्यालयप्रति आकर्षित भइरहेको पाइयो । यसरी देशमा दुई खाले विद्यालयको व्यवस्थाले समाजमा व्यापक रुपको विभेद भएको पाइयो ।

संस्थागत विद्यालयमा सःशुल्क अध्ययन गर्ने विद्यार्थीहरुका अभिभावकहरु समाजमा माथिललो तहको मानिने गरेको पाइयो । यसरी साजमा यस प्रकारको विभेदीकरण सोचले गर्दा समाजमा रहेका व्यक्तिहरु आफूलाई माथिल्लो वर्गको व्यक्ति हुँ भन्ने भनाउन ती अभिभावकहरु आ-आफ्ना बालबालिकाहरुलाई संस्थागत विद्यालयमा भर्ना गर्ने गराउनाले सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको भर्ना एवम् सहभागिताको संख्या निरन्तर घट्दै गइरहेको पाइयो ।

## ५.३ सुझावहरु

सामुदायिक विद्यालयहरुमा विद्यार्थीको चाप कम हुनुको कारणहरुबारे एक अध्ययन विषयक शोधकार्यको क्रममा अवलोकन एवम् सुझावहरुको आधारमा सामुदायिक विद्यालयहरुमा विद्यार्थीको चाप बढाउनको लागि देहायबमोजिमका सुझावहरु निकालिएका छन्:

१. विद्यालय प्रशासनको शिक्षकहरुलाई शिक्षण प्रयोजनको लागि उचित वातावरण तयार गरिनु पर्दछ ।

२. विद्यालयको शैक्षिक उपलब्धी उच्चस्तर राख्नका लागि विद्यालयको सम्पूर्ण शिक्षकहरुलाई मानसिक असर पार्ने कार्य गरिनु हुँदैन ।

३. विद्यालयमा राजनीतिक अन्त्य हुनुपर्दछ ।

४. विद्यालयको सम्पूर्ण वार्षिक कार्यक्रम अभिभावक र शिक्षक समक्ष शैक्षिक सत्रको सुरुमा नै व्यक्त गर्नुपर्दछ ।

५. अभिभावहरुलाई विद्यालयमा सहभागी गराएर उनीहरुको रायसल्लाह लिने काम गर्नु पर्दछ । जसको कारणबाट विद्यालयमा विद्यार्थी भर्ना संख्या बढोस् ।

६. विद्यालय व्यवस्थापन समितिले विद्यालयको सम्पूर्ण पक्षको निमित्त अनुगमन गरी आवश्यक मात्रामा निर्देशन गर्नुपर्ने हुन्छ ।

७. गरिब विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरी सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढाउन योजना बनाउनु पर्दछ ।

८. विद्यालय सञ्चालनमा विद्यार्थी उपस्थितिको महत्वपूर्ण भूमिका हुने भएकाले विद्यार्थी उपस्थिति वृद्धिका लागि समुदायमा गई प्रेरणादायी भूमिका निर्वाह गर्नुपर्दछ ।

९. शिक्षकहरुले शिक्षण पेसालाई सेवामूलक पेसाको रुपमा लिई कार्य गर्नुपर्दछ ।

१०. अभिभावकको सुझाव एवम् सल्लाहलाई विद्यालय प्रशासनले बेलाबेलामा छलफल गरी शैक्षिक सुधार गर्न विशेष पहल गरिनु पर्दछ ।

११. आफूले पढाउने विषयमा भएको विद्यार्थीको प्रगतिबारे अभिभावकहरुलाई तथा विद्यालय प्रशासनलाई जानकारी गराउनु पर्दछ ।

१२. आफूले पढाउने कक्षा र विषयको मासिक तथा वार्षिक कार्ययोजना तयार गर्नुपर्दछ ।

१३. विद्यालयका शिक्षकहरुले आफ्नो स्वार्थ पूरा गर्दा विद्यार्थीको भविष्यमाथि खेलवाड गरिनु हुँदैन ।

१४. समयको मागअनुसारको विद्यालयमा अङ्ग्रेजी माध्यमद्वारा शिक्षण गर्ने पद्धति लागू गरिनु पर्दछ । विद्यालय निरीक्षकहरुद्वारा नियमित रुपमा विद्यालय निरीक्षण तथा सुपरिवेक्षण हुनुपर्ने ।

१५. विद्यालयका अभिभावकहरुले अध्ययनरत विद्यार्थीहरुको पढाइप्रति चासो दिई नियमित रुपमा अनुगमन तथा निरीक्षण गरिनु पर्दछ । साथै विद्यालय सञ्चालनका लागि आवश्यक आर्थिक स्रोतको लागि सकेसम्म सहयोग गर्नुपर्दछ ।

१६. विद्यालय खुल्नु भन्दा अगाडि न्यूनतम १५ दिन सम्पूर्ण विद्यालय तथा शिक्षक परिवार मिली भर्ना अभियान सम्बन्धी घरदैलो कार्यक्रम गरिनु पर्दछ ।

## ५.४ आगामी अध्ययनका लागि सिफारिस

यो शोधपत्र सिन्धुली जिल्ला गौमती स्रोतकेन्द्रअन्तर्गत पर्ने ५ ओटा सामुदायिक प्राथमिक विद्यालयहरु प्राथमिक विद्यालय बालमन्दिर शिखरटोल, वर्देउटार प्राथमिक विद्यालय माझीटार, प्राथमिक विद्यालय फाल्चुरी खट्टार रानीचुरी, प्राथमिक विद्यालय तेर्सेखड्कुले, रानीचुरी, र प्राथमिक विद्यालय शिखरपुर रानीचुरी मा विद्यार्थीहरुको भर्ना सहभागिताबारे मात्र सीमित भए तापनि यस अध्ययनले समग्र नेपालको सामुदायिक विद्यालयका विद्यार्थीहरुको भर्ना अवस्थको बारेमा यथार्थ अवस्था प्रतिनिधित्व गर्ने प्रयास गरेको छ । यस शोधपत्रले सामुदायिक विद्यालयमा विद्यार्थीहरुको घट्दो संख्या एवम् सहभागिताका बारेमा

गरिउको अध्ययनमा देशको सम्पूर्ण क्षेत्रका समस्याहरु समेट्न नसकेको हुन सक्छ । त्यसैले यसै विषयमा अध्ययन गर्न इच्छुक अध्ययनकर्ताहरुलाई अध्ययनका लागि निम्न शीर्षकहरु प्रस्तुत गरिएको छ :

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या बढाउने उपायहरु ।

२. सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उपायहरु ।

३. विद्यालय शिक्षामा व्यावसायिक शिक्षाको आवश्यकता र महत्व ।

# सन्दर्भ सामाग्री


अधिकारी, चेतन (२०६६), *विद्यार्थी बढाउन टाई, बेल्ट,* काठमाडौँः कान्तिपुर पब्लिकेशन (कान्तिपुर, वैशाख १५) ।

अधिकारी, विष्णुप्रसाद (२०६०), *अध्यापन अनुमतिपत्र परीक्षा दर्पण,* काठमाडौँः आशिष पुस्तक भण्डार ।

काफ्ले, बासुदेव र अन्य (२०६०), *शैक्षिक प्रशासन र सुपरीवेक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

कान्तिपुर, (२०६९), *अङ्ग्रेजीमा पढाउन थालेपछि सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण,* काठमाडौँः (कान्तिपुर, जेठ ३) ।

…………, (२०६९), *१० जना विद्यार्थीका लागि दुईजना शिक्षक, एउटै कोठामा अध्यापन,* काठमाडौँः (कान्तिपुर, असोज १३) ।

…………, (२०६९), *एउटै कोठामा तीनओटा कक्षा सञ्चालनः भवन अभाव,* काठमाडौँः (कान्तिपुर, असोज १२) ।

…………, (२०६९), *विद्यार्थी अभावमा विद्यालय बन्द,* काठमाडौँः (कान्तिपुर, असोज २४) ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्र बहादुर (२०५९) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

……………………… र डा. आचार्य सुसन (२०६१), *सामाजिक न्यायको सरोफेरोमा शिक्षा* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँः स्टुडेण्ट वुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

गोरखापत्र, (२०६९), *विद्यार्थी बढाउन निःशुल्क सामग्री वितरण,* काठमाडौँः (गोरखापत्र, जेठ ५) ।

…………, (२०६९), *विद्यालयमा फर्निचरको अभाव, विद्यार्थी उभिएरै पढ्न बाध्य,* काठमाडौँः (गोरखापत्र, जेठ २) ।

…………, (२०६९), *विद्यालयमा विद्यार्थीको खडेरी,* काठमाडौँः (गोरखापत्र, जेठ ६) ।

…………, (२०६९), *विद्यार्थी नहुँदा विद्यालय बन्द,* काठमाडौँः (गोरखापत्र, असार ८) ।

............, (२०६८), *सामुदायिक वनको सहयोगमा विद्यालय सञ्चालन,* काठमाडौंः (गोरखापत्र, जेठ ११) ।

थापा, विजय कुमार र अन्य (२०५८), *व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन,* काठमाडौंः विद्यार्थी पुस्तक प्रकाशन ।

राउत, कुमार (२०६१), *संस्थागत र सामुदायिक विद्यालय व्यवस्थापन एक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

शर्मा, जयकृष्ण (२०६२) *सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवालाको सहभागिता एक तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

शाक्य, सुन्दर (२०६६), *विद्यार्थी सङ्ख्या नपुगेकाले विद्यालय खारेज,* काठमाडौंः कान्तिपुर पब्लिकेशन (कान्तिपुर दैनिक, २०६६/०३/०१) ।

सेरिड (१९८२) *अभिभावको शिक्षा प्रतिको आशा एवम् धारणा एक अनुसन्धान प्रतिवेदन,* काठमाडौंः शैक्षिक अनुसन्धान तथा विकास केन्द्र ।

Lockhead and Janision (1979), *Some Determiners of School Participation in the Terai,* Kathmandu: World Bank Report.

Tuladhar Suman , Kamal (2000), *A Instituational Analysis of public and Private school in Kathmandu,* Kathmandu: Full Right Alumni Association Nepal.

## अनुसूची १

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि प्रश्नावली

प्रश्नावली भर्नेको नामः विद्यालयः

ठेगानाः उमेरः

शैक्षिक योग्यताः लिङ्गः

हस्ताक्षरः पदः

निम्नलिखित प्रश्नहरुको उत्तर दिई आफ्नो राय व्यक्त गर्नुहुन अनुरोध छः

१. तपाईको विद्यालयगत तीन वर्षको विद्यार्थी सहभागिता कस्तो छ ?

| साल ⇨ कक्षा ⇩ | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

२. तपाईको विद्यालयमा प्रति शिक्षक कति विद्यार्थीहरु पर्न आउँछन्?

..........................................................................................................

३. तपाईको विद्यालयमा कक्षागत औसत कति विद्यार्थी पर्दछन्?

..........................................................................................................

४. तपाईको विद्यालयमा विद्यार्थीहरुको सहभागिता कम हुनुका कारणहरु के के हुन सक्छन्?

..........................................................................................................

५. विद्यालय भर्ना प्रक्रियामा समुदायको कस्तो धारणा पाउनु भएको छ ?

..........................................................................................................

६. तपाईको विद्यालयमा अभिभावकहरुको आर्थिक अवस्थाले भर्ना प्रक्रियामा प्रभाव परेको छ?

..........................................................................................................

७. तपाईको विद्याललले अपेक्षा गरेका भर्ना वृद्धि गर्न के के कार्यहरु संचालन गरिएका छन्?

..........................................................................................................

८. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिले के कस्ता पहलहरु गरिएका छन्?

..........................................................................................................

९. विद्यालयको भर्ना दरको सहभागिता बढाउन शैक्षिक व्यवस्थापनमा सुधार गर्न के के उपायहरु हुन सक्लान ?

..........................................................................................................

## अनुसूची २

विद्यालयका प्रधानाध्यापकहरुका लागि प्रश्नावली

प्रश्नावली भर्नेको नामः विद्यालयः
ठेगानाः उमेरः
शैक्षिक योग्यताः लिङ्गः
हस्ताक्षरः अनुभवः

निम्नलिखित प्रश्नहरुको उत्तर दिई आफ्नो राय व्यक्त गर्नुहुन अनुरोध छः

१. तपाईको विद्यालयगत तीन वर्षको विद्यार्थी सहभागिता कस्तो छ?

| साल ⇨ कक्षा ⇩ | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

२. विद्यालयमा कार्यरत शिक्षक दरबन्दी संख्या कति छ?

..............................................................................................................

३. तपाईको विद्यालयमा प्रति शिक्षक कति विद्यार्थीहरु पर्न आउँछन्?

..............................................................................................................

४. प्रति शिक्षक विद्यार्थी अनुपात कति छ?

..............................................................................................................

५. विद्यालयमा विद्यार्थीको भर्ना सहभागिता कम हुनुका कारणहरु नेपाली माध्यमद्वारा शिक्षण हुनुलाई मान्नु हुन्छ कि हुन्न?

..............................................................................................................

६. सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना दरमा कमी हुनुमा कुन कारणलाई बढी महत्वपूर्ण ठान्नु हुन्छ ?

..............................................................................................................

७. विद्यालय शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ?

..............................................................................................................

८. समुदायका अभिभावकहरुको चाहनालाई पूरा गर्न विद्यालयले कस्ता प्रकारका कार्यक्रमहरु संचालन गर्न सक्छ ?

..............................................................................................................

९. तपाईको विद्यालयमा भर्ना अभिवृद्धि गर्न के कस्ता अभियानहरु संचालन गर्नु भएको छ ?

..............................................................................................................

## अनुसूची ३

विद्यालयका अभिभावकहरुका लागि प्रश्नावली

प्रश्नावली भर्नेको नामः विद्यालयः
ठेगानाः उमेरः
शैक्षिक योग्यताः लिङ्गः
हस्ताक्षरः

निम्नलिखित प्रश्नहरुको उत्तर दिई आफ्नो राय व्यक्त गर्नुहुन अनुरोध छः

१. विद्यालयको विगत तीन वर्षको विद्यार्थी सहभागिता कस्तो पाउनु भएको छ?
(क) बढी (ख) घटी (ग) उस्तै (घ) हेरफेर

२. तपाईको सुमदायबाट सामुदायिक विद्यालयमा वास्तविक अध्ययन गर्ने विद्यार्थीको संख्या कति होला?

.............................................................................................

३. तपाईले पढाउनु भएको सामुदायिक विद्यालयको वास्तविक विद्यार्थी संख्या कति होला ?

.............................................................................................

४. तपाईले आफ्ना बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा पढाउनु भएको कारण के के होलान्?

.............................................................................................

५. तपाईले आफ्नो समुदायमा सरकारी सामुदायिक विद्यालयमा बालबालिका नपढाउनेहरु पनि पाउन भएको छ? नपढाउनुको कारण के पाउनु भएको छ?

.............................................................................................

६. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना कम हुँदै जानुमा कुन कारणलाई महत्वपूर्ण ठान्नु हुन्छ ?

.............................................................................................

७. तपाईको विचारमा विद्यालयको प्रमुख समस्या के देख्नु भएको छ? कसरी समाधान गर्न सकिन्छ?

.............................................................................................

८. विद्यालयमा विद्यार्थी सहभागिता अभिवृद्धि गर्न विद्यालय प्रशासनले कस्तो भूमिका खेल्नु आवश्यक हुन्छ ?

.............................................................................................

## अनुसूची ४

विद्यालयका शिक्षकहरुका लागि प्रश्नावली

प्रश्नावली भर्नेको नामः विद्यालयः
ठेगानाः उमेरः
शैक्षिक योग्यताः लिङ्गः
हस्ताक्षरः

निम्नलिखित प्रश्नहरुको उत्तर दिई आफ्नो राय व्यक्त गर्नुहुन अनुरोध छः

१. तपाईको विद्यालयमा शिक्षक विद्यार्थी अनुपात कति छ?

.........................................................................................................

२. कक्षागत विद्यार्थी अनुपात कति छ?

.........................................................................................................

३. सामुदायिक विद्यालयमा किन विद्यार्थी सहभागिता कम हुँदै गएको छ?

.........................................................................................................

४. तपाईको विद्यालयगत तीन वर्षको विद्यार्थी सहभागिता कस्तो छ?

| साल ⇨ कक्षा ⇩ | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

५. विद्यालयमा नेपाली माध्यमद्वारा अध्यापन हुने भएकाले विद्यार्थी संख्या सामुदायिक विद्यालयमा घट्दै गएको हो भन्ने कुरामा कतिको विश्वास गर्नुहुन्छ ?

.........................................................................................................

६. तपाईलाई विद्यालय प्रशासनले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग गरेको छ कि छैन ?

.........................................................................................................

७. अङ्ग्रेजी माध्यमद्वारा शिक्षण गर्न विद्यालयले के के उपायहरु अपनाउनु पर्दछ?

.........................................................................................................

८. विद्यालयको शैक्षिक समस्याहरु समाधानमा विद्यालय व्यवस्थापन समितिको भूमिका के के हुन सक्छ?

.........................................................................................................

९. विद्यालयको विद्यार्थी भर्नादर बढाउन व्यवस्थापन पक्षमा के केसुधार गर्नुपर्ने हुन्छ ?

.........................................................................................................

## अनुसूची ५

विद्यार्थीहरुका लागि प्रश्नावली

प्रश्नावली भर्नेको नामः विद्यालयः

ठेगानाः उमेरः

शैक्षिक योग्यताः लिङ्गः

हस्ताक्षरः कक्षाः

निम्नलिखित प्रश्नहरुको उत्तर दिई आफ्नो राय व्यक्त गर्नुहुन अनुरोध छः

१. तिम्रो विद्यालयमा कतिजना शिक्षकहरु हुनुहुन्छ?

..........................................................................................................

२. तिम्रो विद्यालयमा कतिजना विद्यार्थीहरु छन्?

..........................................................................................................

३. तिम्रो कक्षाकोठामा कतिजना विद्यार्थीहरु छन्?

..........................................................................................................

४. गतवर्ष भन्दा यसवर्ष विद्यार्थीहरु बढेका छन् कि छैनन्?

..........................................................................................................

५. विद्यालयमा विद्यार्थीहरु घट्नुका कारणहरु के के होलान्?

..........................................................................................................

६. किन विद्यार्थीहरु सामुदायिक विद्यालयमा भर्ना हुन उत्साहित हुँदैनन्?

..........................................................................................................

७. विद्यालयमा विद्यार्थीहरु घट्नुको कारण अङ्ग्रेजी माध्यमद्वारा अध्यापन नभएर हो भन्ने कुरामा विश्वास गर्छौं कि गर्दैनौ ?

..........................................................................................................

८. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न के कुरामा जोड दिनुपर्ने हुन्छ?

..........................................................................................................

९. विद्यालयमा विद्यार्थी भर्नादर बढाउन विद्यालयले कस्तो प्रकारको शैक्षिक कार्यक्रम संचालन गर्नु उपयुक्त हुन्छ?

..........................................................................................................

१०. विद्यालयमा विद्यार्थी सहभागिता बढाउन तत्काल के कस्ता गतिविधि संचालन गर्नु आवश्यक छ ?

..........................................................................................................

**अनुसूची ६**

अवलोकन एवम स्थलगत सर्भेक्षण फारम

विद्यालयको नामः मितिः

ठेगानाः

कूल विद्यार्थी भर्ना संख्या विवरण

| कक्षा | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |

परीक्षामा सम्मिलित विद्यार्थी संख्या

| कक्षा | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |

परीक्षामा उत्तीर्ण विद्यार्थी संख्या

| कक्षा | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |

कक्षा छोड्ने विद्यार्थी संख्या

| कक्षा | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |

कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या

| कक्षा | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| जम्मा | | | | | | |

## अनुसूची ७

### छनोटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक तथा विद्यार्थीहरुको नामावली

| क्र.सं. | नाम | विद्यालय | शैक्षिक योग्यता | पद |
|---|---|---|---|---|
| १. | निर्मला देवकोटा | प्रा.वि. बालमन्दिर | आइ.ए. | प्रधानाध्यापक |
| २. | लक्ष्मी खत्री | प्रा.वि. वर्देउठाकुर | एस.एल.सी. | प्रधानाध्यापक |
| ३. | नन्दराज पहाडी | प्रा.वि. फाल्चुरी खट्टार | एस.एल.सी. | प्रधानाध्यापक |
| ४. | नारायणप्रसाद चौलागाई | प्रा.वि. तेर्से खड्कुले | आइ.ए. | प्रधानाध्यापक |
| ५. | मानबहादुर घिसिङ | प्रा.वि. शिखरपुर | आइ.ए. | प्रधानाध्यापक |
| ६. | रामबहादुर हायू | प्रा.वि. बालमन्दिर | | अध्यक्ष |
| ७. | सुरेन्द्रश्वर मोक्तान | प्रा.वि. वर्देउठाकुर | | अध्यक्ष |
| ८. | सुनकुमारी थिङ | प्रा.वि. तेर्से खड्कुले | | अध्यक्ष |
| ९. | विसमान स्याङ्तान | प्रा.वि. शिखरपुर | | अध्यक्ष |
| १०. | दिलबहादुर मोक्तान | प्रा.वि. फाल्चुरी खट्टार | | अध्यक्ष |
| ११. | प्रमिला प्रसाई | प्रा.वि. बालमन्दिर | आइ.ए. | शिक्षक |
| १२. | लिला ढकाल | प्रा.वि. वर्देउठाकुर | बी.एड. | शिक्षक |
| १३. | पोष्टप्रसाद काफ्ले | प्रा.वि. तेर्से खड्कुले | आइ.एड. | शिक्षक |
| १४. | यशोदा भुजेल | प्रा.वि. शिखरपुर | एस.एल.सी. | शिक्षक |
| १५. | भगवती तिमल्सिना | प्रा.वि. फाल्चुरी खट्टार | आइ.एड. | शिक्षक |
| १६. | गोविन्द वि.क. | प्रा.वि. बालमन्दिर | | अभिभावक |
| १७. | असलीमाया तामाङ | प्रा.वि. बालमन्दिर | | अभिभावक |
| १८. | मैयाकुमारी थामी | प्रा.वि. वर्देउठाकुर | | अभिभावक |
| १९. | सूर्य तामाङ | प्रा.वि. वर्देउठाकुर | | अभिभावक |
| २०. | बुद्धबहादुर थिङ | प्रा.वि. फाल्चुरी | | अभिभावक |
| २१. | काजीमान थिङ | प्रा.वि. फाल्चुरी | | अभिभावक |
| २२. | सन्तसिं मोक्तान | प्रा.वि. तेर्से खड्कुले | | अभिभावक |
| २३. | नवराज मोक्तान | प्रा.वि. तेर्से खड्कुले | | अभिभावक |
| २४ | प्रेमीका भुजेल | प्रा.वि. शिखरपुर | | अभिभावक |

| | | | | |
|---|---|---|---|---|
| २५ | बुद्धिमान थिङ | प्रा.वि. शिखरपुर | | अभिभावक |
| २६ | रंजित वि.क. | प्रा.वि. बालमन्दिर | | विद्यार्थी |
| २७ | सुन्तली मोक्तान | प्रा.वि. बालमन्दिर | | विद्यार्थी |
| २८ | अनिल तामाङ | प्रा.वि. वर्देउठाकुर | | विद्यार्थी |
| २९ | विमला थामी | प्रा.वि. वर्देउठाकुर | | विद्यार्थी |
| ३० | हरिबहादुर थिङ | प्रा.वि. फाल्चुरी | | विद्यार्थी |
| ३१. | सन्जु मोक्तान | प्रा.वि. फाल्चुरी | | विद्यार्थी |
| ३२. | भूमिका मोक्रान | प्रा.वि. तेर्से खड्कुले | | विद्यार्थी |
| ३३ | रविना मोक्तान | प्रा.वि. तेर्से खड्कुले | | विद्यार्थी |
| ३४ | सविन भुजेल | प्रा.वि. शिखरपुर | | विद्यार्थी |
| ३५ | टेकबहादुर थिङ | प्रा.वि. शिखरपुर | | विद्यार्थी |

**नमुना छनोटमा परेका विद्यालयहरु**

(क) श्री बालमन्दिर प्रा.वि. शिखरटोल — क.न.पा. ६

(ख) श्री वर्देउठाकुर प्रा.वि. माझीटार — क.न.पा. ७

(ग) श्री प्रा.वि. तेर्से खड्कुले — रानीचुरी गा.वि.स. १

(घ) श्री प्रा.वि. फाल्चुरी खट्टार — रानीचुरी ३

(ङ) श्री प्रा.वि. शिखरपुर — रानीचुरी ४